


## महिला र बालबालिका विरुद्ध हुने हिंसामुक्त

# सुरक्षित समुदाय

दिदीबहिनी
DIDIBAHINI

महिला र बालबालिका विरुद्ध हुने हिंसामुक्त

# सुरक्षित समुदाय


**टोली प्रमुख**

सलोनी सिंह

**टोली सदस्यहरु**

भगीरथ सिंह

माधव शर्मा

नमुना खड्का


दिदीबहिनी DIDIBAHINI

प्रकाशक : दिदीबहिनी

सर्वाधिकार © दिदीबहिनी

यस पुस्तकमा व्यक्त भएका अभिव्यक्तिहरू सम्बन्धित लेखकहरूका निजी हुन् । दिदीबहिनी, युएन वुमन तथा अन्य कुनै संयुक्त राष्ट्रसंघीय संघसंस्था अथवा त्यससँग आबद्ध संघसंस्थाका होइनन् ।

**दिदीबहिनी**
पो.ब.नं. १३५६८, काठमाडौं
फो.नं.: ९७७ १ ४४८२६५३
फ्याक्स: ९७७ १ ४४८२६५३
इमेल: didibahini@wlink.com.np, info@didibahini.org
वेभसाइट: www.didibahini.org

# आभार

प्रस्तुत पुस्तक दिदीबहिनी र यूएन वुमनको सहकार्यमा संचालित "महिला सुरक्षा परीक्षण" बिषयक परियोजनाका सन्र्दभमा गरिएको एक बर्षसम्मको अध्ययनको परिणाम हो । विभिन्न तहमा असङ्ख्यौ व्यक्ति र संस्थाहरूको सहभागिता र समर्थन बिना यो परियोजना पुरा हुन असम्भव थियो । वहाँहरूको प्रयास, समर्थन, उपलब्ध गराएको जानकारी र कथाहरूको परिणाम स्वरूप यो पुस्तक यसरूपमा प्रकाशित हुन सकेको हो ।

सर्वप्रथम अध्ययनको मेरूदण्डका रूपमा रहेका अध्ययन गरिएका गाउँ विकास समिति तहका सबै प्रतिवद्ध अनुसन्धानकर्तालाई दिदीबहिनी धन्यवाद व्यक्त गर्दछ । प्रस्तोका, श्रीसिया, बेलोदेवीपुर, दैजी, बनकटुवा र सानोश्री गाउँ विकास समितिका स्थानीयस्तरका कार्यालय प्रतिनिधि, विशेष सरोकारवाला र गाविसका सवैको अमूल्य सहयोगको लागि हामी प्रशंसा तथा आभार व्यक्त गर्दछौ ।

नेपाल सकारका विषयगत मन्त्रालयहरू (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गृह मन्त्रालय, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय महिला आयोग, रक्षा मन्त्रालय, शान्ति तथा पुननिर्माण मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय साथै कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय) तथा मातहतका निकायको प्राविधिक र सहयोगी समर्थनको लागि धन्यवाद व्यक्त गर्दछौं । बारा, पर्सा, बाँके, बर्दिया, कैलाली र कन्चनपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीले नेतृत्व गरेको जिल्ला समन्वय समितिले स्थानीय अनुसन्धानमा पुऱ्याएको सहयोगी र समन्वयकारी भूमिकाका लागि विशेष कृतज्ञता व्यक्त गर्दछौ ।

वित्तीय र प्राविधिक सहयोग दिएर गरेका सहकार्यका लागि यु.एन वुमन प्रति दिदीबहिनी आभार व्यक्त गर्दछ । यूएन वुमनका नेपालका देशीय प्रतिनिधि श्री जियाद शेख र देशीय उप प्रतिनिधि श्री गितान्जली सिंहले निरन्तररूपमा

पुऱ्याउनु भएको मार्गनिर्देशन र हौसलाको लागि कृतज्ञता व्यक्त गर्दछौ । परियोजना अवधिभर हामीसँग रहेर सहयोग गर्ने एकाई प्रवन्धक श्री समा श्रेष्ठ, परियोजना प्रवन्धक श्री रचना भट्टराई, शान्ति र सुरक्षा समन्वय अधिकृत श्री कृष्ण भट्टराई, यूएन वुमन नेपाल महिला, शान्ति र सुरक्षा एकाई (WPS Unit), र युएनडिपीका ईपिएसटी (EPST) परियोजनाका सवै सदस्य लाई हार्दिक धन्यवाद दिन चाहान्छौ ।

स्थानीय साझेदार महिला पैरबी मञ्च र हिमराईटसलाई जिल्ला र गाउँस्तरमा सहभागितात्मक महिला सुरक्षा परीक्षण गर्न गरेको समन्वय र समर्थनका लागि विशेष धन्यवाद छ ।

अन्त्यमा लेखनमा श्री भारती सिलवाल गिरी, बरिष्ठ सल्लाहकार, दिदीबहिनी, प्राबिधिक सहयोगमा कल्पना बिश्वनाथ, बरिष्ठ सल्लाहकार, सुरक्षित सहर कार्यक्रम, जागोरी र दिदीबहिनीका श्री भगिरथ सिंह, श्री माधव शर्मा, श्री नमुना खड्का र अन्य सम्पुर्णमा, जसको सामुहिक समर्थन विना यो पुस्तक यस रूपमा आउन सक्ने थिएन, यसको लागि म हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछु ।

**सलोनी सिंह**
टीम प्रमुख तथा
प्रमुख कार्यकारी
दिदीबहिनी

# विषय सूची


कार्यकारी सारांश

**अध्याय १ – सन्दर्भ** **१ – १०**

महिला विरूद्धको हिंसा: विश्व र क्षेत्रीय र राष्ट्रिय सन्दर्भ ........ १

मुद्दाहरू ........ ५

**अध्याय २ – प्रमाण: हिंसाको स्थिति** **११ – १४**

**अध्याय ३ – महिला सुरक्षा परीक्षण: नेपालको अनुभव** **१५ – २७**

महिला सुरक्षा परीक्षण के हो ? ........ १५

नेपालमा महिला र सार्वजनिक स्थल ........ १६

नेपालको परिप्रेक्ष्यमा महिला सुरक्षा परीक्षण ........ १८

महिला सुरक्षा परीक्षणको उद्देश्यहरू ........ २०

अनुसन्धान पद्धति ........ २०

**अध्याय ४ – अनुसन्धान नतिजा** **२८ – ३८**

**अध्याय ५ – निष्कर्ष तथा सुझावहरु** **३९ – ४७**

निष्कर्ष ........ ३९

सुझावहरू ........ ४०

**सन्दर्भग्रन्थ सूची** **४८**

# कार्यकारी सारांश

महिलामाथि हुने हिंसालाई दिगो मानव विकासको प्रमुख बाधक र लैंगिक समानता हासिल गर्ने बाटोको गम्भीर अवरोधका रूपमा स्वीकार गरिएको छ । यसले उत्पादनशील कार्यलाई निरूत्साहित गर्दै मुलुकमाथि अधिक आर्थिक भार थोपर्ने गर्दछ । महिलामाथि हुने हिंसाले स्वास्थ्य सेवा लगायत प्रहरी, अदालत र सामाजिक कल्याणका कामहरूमा पनि खर्च बृद्धि गराउँछ । यसका साथै हिंसामा संलग्न दोषीको प्रतिष्ठामा आँच पुऱ्याउनुका साथै उनीहरूलाई अमानवीय वा निर्दयी बनाउन पनि झन्बढी मद्दत गरिरहेको हुन्छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार विश्वमा १२ देखि २५ प्रतिशत महिलाहरूले आफ्नो जीवनको कुनै न कुनै समयमा यौन हिंसाजन्य घटनाहरूको सामना गर्नु परेको अनुभव गरेका छन् ।

महिलामाथि हुने हिंसा अन्त्यका लागि केही वर्ष यता चांसो बढ्दै गएको छ । संयुक्त राष्ट्र संघीय महासभाको प्रस्ताव नं. ४८।१०४ (ई.सं १९९३) को महिला हिंसा उन्मुलन सम्बन्धी घोषणा, विश्व महिला सम्मेलनबाट सन् १९९५ मा पारित बेइजिङ्ग कार्ययोजना, सहस्राव्दी विकास लक्ष्य २००५, संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ आदि र सवै भन्दा पछिल्लो पटक (४-१५ मार्च २०१३) सम्पन्न संयुक्त राष्ट्रसंधीय महिलाको स्थिति सम्बन्धी आयोग (CSW)को ५७ औँ सत्रले अ (संयुक्त राष्ट्रसंघीय महासभाको प्रस्ताव न. ४८।१०४ (ई.सं १९९३) महिला सुरक्षा र महिलाहरूको हिंसामुक्त अवस्थाबीच अन्योन्याश्रित सम्बन्ध हुने तथ्य स्थापित गरेको छ । महिला माथिको हिंसा अन्त्य सम्बन्धी घोषणापत्र १९९३ ले गरेको परिभाषा अनुसार "महिला विरूद्ध हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य हो, जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउदछ वा पुऱ्याउने संभावना हुन्छ, जसअन्तर्गत यस्तो कार्यले धम्की, दबाव र स्वेच्छाचारी रूपमा महिलाको स्वतन्त्रतामा बन्देज समेत पार्दछ ।"

दक्षिण एसियाका महिला तथा बालबालिकामाथि हुने हिंसा अन्त्यका लागि सवै मुलुकहरू प्रतिबद्ध छन् । दक्षिण एसियाका सवै मुलुकहरू महिला विरूद्ध हुने

सवै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धी र बाल अधिकार महासन्धीका हस्ताक्षरकर्ता राष्ट्रहरू हुन् । यस क्षेत्रमा महिला विरूद्धको हिंसा मानव अधिकार चुनौतिका रूपमा रहेको छ । प्रत्येक तीनजना महिलामध्ये एक जनाले आफ्नै घरमा हिंसाको सामना गर्ने गरेको विश्वव्यापी अनुमान रहेकोमा दक्षिण एसियामा प्रत्येक दुईजना महिलामध्ये एक जनाले यो समस्या भोग्ने गरेको अनुमान गरिएको छ ।[1]

महिला सुरक्षामा नकारात्मक प्रभावपार्ने केही पक्षहरू;

- **महिला सुरक्षा र गरिवी :** गरिबीले महिला सुरक्षालाई खतरामा पार्न सक्छ । परिवार र आफ्ना सन्तानलाई छाडेर अलग्गै बस्दा आफू र आफ्ना छोराछोरीहरू अरू बढी गरिबीमा धकेलिने हुँदा दुर्व्यवहारमा परेका महिलाहरू कुण्ठित सम्बन्धमै परिवारमा बस्न बाध्य हुने प्रशस्त प्रमाणहरू छन् ।[2]
- **महिला सुरक्षा र अर्थव्यवस्था :** महिला हिंसाको कारण स्वास्थ्य सेवा, प्रहरी, न्याय तथा सामाजिक कल्याणतर्फको सेवाका लागि खर्च बढ्ने हुँदा मानवीय पुँजी निर्माणमा कमी आई आर्थिक उत्पादकत्व समेत घटाउँछ ।
- **महिला सुरक्षा र स्वास्थ्य :** महिला र बालिकामाथि हुने हिंसाले शारिरीक तथा मनोवैज्ञानिक चोट पुऱ्याउने, अपाङ्ग हुने, दीर्घकालीन स्वास्थ्य समस्या उत्पन्न हुने, यौन तथा प्रजनन स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने र अन्त्यमा मृत्युको मुखमा समेत पुऱ्याउने हुन्छ । यसले हिंसा पीडित महिलालाई इच्छा नगरिएको गर्भधारण गर्नु पर्ने, यौनजन्य संक्रमित रोग तथा एचआईभी एड्सको जोखिममा पनि पार्ने गर्दछ ।
- **महिला सुरक्षा र शिक्षा :** प्रमाणहरूले के सुझाएका छन् भने सवै तहका शिक्षामध्ये माध्यामिक र उच्चतहको शिक्षा महिला सशक्तिकरणमा सबैभन्दा बढी प्रभावकारी हुने गरेको छ । उच्चतहको शैक्षिक योग्यताका कारण महिलाहरूको आय आर्जन गर्ने क्षमता बढ्ने तथा कार्यस्थल र घरभित्र हुने हिंसा सम्बन्धी घट्नाहरू विरूद्धका कृयाकलापमा संलग्न हुने सामर्थ्य बढ्ने गर्दछ । त्यसै गरी घरभित्र र घर बाहिर प्राकृतिक, आर्थिक तथा अन्य स्रोत प्राप्तिका लागि गरिने सौदावाजी, निर्णय गर्ने क्षमता, आफ्नो प्रजनन् अधिकारमाथिको स्व-नियन्त्रण र सार्वजनिक जीवनमा संलग्नता जस्ता कृयाकलापमा पनि शैक्षिक स्तरले ठूलो प्रभाव पार्ने गर्दछ ।

---

१. अक्सफाम, २००५

२. नीतिगत विकल्पका लागि क्यानेडियन केन्द्रले मोनिका टाउन्सनले ८ सेप्टेम्बर २००९ मा प्रकाशित प्रतिवेदन, क्यानेडियन महिलाहरू उनहरू आफैमा गरिब भन्दा गरिब छन् ।

- **महिला सुरक्षा र सार्वजनिक जीवनमा सहभागिता :** राजनीतिमा महिला सहभागिताले महिला तथा बालबालिकाको अधिकार सम्बन्धी बिधेयकहरू ल्याउन तथा भ्रष्टाचार न्यूनीकरण सम्बन्धी कानुनहरूको व्यवस्था गर्नमा नयाँ दृष्टिकोणका साथ राजनीतिक बहस आरम्भ गर्ने हुँदा राजनीतिक प्रकृयामा सकारात्मक प्रभाव पार्छ भन्ने कुरा स्वीकार गरिएको छ ।
- **महिला सुरक्षा र लैंगिक न्याय :** महिलाले न्यायको लागि अन्तिम उपायका रूपमा फौजदारी न्याय प्रणालीको सहायता लिन खोज्दा यसको लामो र खर्चिलो प्रकृयाले महिलाहरूका लागि न्याय दुर्लभ बनेको छ । यद्यपि न्यायपूर्ण फैसलाहरूले महिलाको सुरक्षा र मर्यादालाई सुनिश्चित गर्न सहयोग पुऱ्याएका छन् ।
- **महिला सुरक्षा र वातावरण, उर्जा तथा जलवायु परिवर्तन :** गरिब समुदायहरूका महिला र बालिकाहरूले विभिन्न कामको सिलसिलामा तय गर्नु पर्ने लामो यात्राले उनीहरूमा यौन दुर्व्यवहार र आक्रमण हुनसक्ने खतरा बृद्धि गर्छ । जलवायु परिवर्तनको प्रभाव लैङ्गिक तटस्थ छैनन । चक्रवात, बाढी तथा अन्य मौसम परिवर्तन सम्बन्धी प्राकृतिक विपत्तिहरूमा ठूलो संख्यामा महिलाहरू प्रभावित र पीडित हुने गरेका छन् ।
- **महिला सुरक्षा र लैंगिक उत्तरदायी बजेट :** राष्ट्रिय र अन्तराष्ट्रिय प्रयास हुँदाहुँदै पनि सामाजिक सेवा, कानुनी उपचार, स्वास्थ्य सुविधा, हिंसा पीडित तथा प्रभावितहरूको सुरक्षाका लागि महिला हिंसाका पीडितहरूका लागि सीमित मात्रै पहुँच छ । परियोजनासैलीमा सिमित समय, आवश्यक सेवाहरूको अपर्याप्तता र सिमित लगानीका कारण संचालित कार्यक्रमहरू व्यवहार तथा प्रकृतिमा परिर्वतन गरी दीगो प्रभाव छाड्न असमर्थ छन । लैङ्गिक उत्तरदायी बजेट प्रणालीको माध्यमबाट दीर्घकालिन लगानीले घर र समुदायलाई हिंसा मुक्त बनाई वाञ्छित परिवर्तन ल्याउन सहयोग गर्दछ ।

नेपालमा सार्वजनिक स्थानमा महिला सुरक्षाको विषयले स्थान पाउन सकेको छैन । विश्वका अन्य शहरहरूमा महिला सुरक्षा परीक्षणले ग्रामीण र शहर उन्मुख क्षेत्रमा पनि यसको आवश्यकतामा उजागर गरेको छ । यसैलाई दृष्टिगतगरी युएन वुमनको सहयोगमा दिदीबहिनीले नेपालका बारा, पर्सा, कन्चनपुर, कैलाली, बाके र बर्दिया गरी ६ जिल्लाका एक एक गाउँ विकास समिति प्रस्तोका, श्रीसिया, बेलोदेवीपुर, दैजी, बनकटुवा र सानोश्री मा महिला सुरक्षा परीक्षण संचालन गरेको थियो ।

# अनुसन्धान नतिजा

महिला सुरक्षा परीक्षणबाट संकलन गरिएको सुचना र तथ्यांकको दायरा तथा गहिराईले नेपालका ग्रामीण भेगका महिलाको सुरक्षा सम्बन्धी बिषयको अनुभवजन्य प्रमाण उपलब्ध गराएको छ । समुदायका सदस्यहरूले महिला सुरक्षालाई बिभिन्न प्रकारका हिंसाबाट उन्मुक्ति, कुनै डर त्रासबिना एक्लै हिँड्डुल गर्न सक्ने क्षमता तथा लैङ्गिक समानताको रूपमा परिभाषित गरेका छन । अध्ययनको नतिजा अनुसार पुरूषको दृष्टिकोणमा महिलामाथिको हिंसा निम्त्याउनुमा महिलाहरू नै जिम्मेवार हुने बताएका छन् ।

७८ प्रतिशत महिला तथा बालिका उत्तरदाताहरूले घर वा सार्वजनिक स्थलमा सुरक्षित महसुस नगरेको बताएर गाउँमा महिला सुरक्षा सम्बन्धी विद्यमान धारणालाई भत्काएका छन् । समय र परिस्थिति अनुसार पनि गाउँमा सुरक्षा प्रभावित भएको पाईयो । ७० प्रतिशत बालिका उत्तरदाताहरूले बिहान सवेरै र साँझको समय असुरक्षित रहेको अनुभव गरे । ९० प्रतिशत महिलाहरूले अपरान्ह ५ वजेपछि घर बाहिर निस्कन असुरक्षित रहेको महसुस गरेको वताए । पुरूषहरूमध्ये पनि ५७ प्रतिशत पुरूष उत्तरदाताहरूले साँझमा लुटिने डर भएकाले असुरक्षित महसुस गर्ने गरेको बताए । प्राय सवै पुरूषहरू गाउँ विकास समितिहरूमा उपलव्ध से वा र सुविधाहरूका बारेमा जानकार थिए भने ६६ प्रतिशत महिलाहरूमा उपलव्ध सेवा सुविधा अधिकारको संरक्षण गर्ने नीति तथा कानुनहरूका बारेमा जानकारी नभएको पाईयो । बृद्ध र दलित मानिएका महिलाहरूले सेवा सुविधा प्राप्त गर्ने क्रममा भेदभावपूर्ण व्यवहार झेल्नु परेको कुरा अनुसन्धानमा सहभागी ९२ प्रतिशत महिला उत्तरदाताले बताएका छन् । हिंसा प्रभावित महिलाहरूमा सेवा प्रवाहमा भेदभावपूर्ण व्यवहार गर्ने र लैंगिक मैत्री पूर्वाधारको व्यवस्थापनमा समेत बेवस्ता गर्दै लैंगिक संवेदनशिलतामा ध्यान नदिने संस्थाहरूप्रति भरोसा र विश्वासको संकट रहेको अनुसन्धानले देखाएको छ । ५ प्रतिशत महिलाहरूले मात्र प्रहरीको सहयोगको लागि गएको उल्लेख गरे ।

अनुसन्धान नतिजाले पितृसत्तात्मक समाज भित्रको गलत संस्कार अर्थात कुसंस्कारले महिला र बालिकाहरूमाथि यौन दुर्व्यवहार एवं लैंगिक बिभेदपूर्ण व्यवहार गर्न कसरी प्रोत्साहित गरिरहेको छ भन्ने कुरालाई स्पष्टसँग देखाएको छ । यसले महिलाहरूलाई उनीहरूको आधारभुत अधिकार प्रयोग गर्न र सुरक्षित एवं हिंसामुक्त वातावरणमा बाँच्ने अवसरबाट बञ्चित गरेको छ ।

## सुझावहरु

- **नीति र कार्यान्वयन वीचको अन्तर मेटाउने उपायका रुपमा महिला सुरक्षा परीक्षण :** महिला सुरक्षा परीक्षणले महिला सुरक्षा सम्बन्धी महत्वपूर्ण सूचनाहरू उजागर गरेको छ जसलाई थप अनुसन्धानका लागि उपयोग गर्न सकिन्छ । उदाहरणका लागि यसले घरेलु वातावरणमा महिलाको सुरक्षा सम्बन्धी मुद्दा खोतलेको छैन । महिला सुरक्षा परीक्षण विधिलाई महिला र बालिकामाथि हुने हिंसालाई निर्मुल पार्न, हिंसा हुन सक्ने मान्यता र जोखिमलाई घटाउने उपायको रूपमा सरकारले उपयोग गरोस भन्ने सिफारिस गरिन्छ । यसो गर्नाले अनुभवजन्य प्रमाणमा आधारित नीति र योजना तर्जुमा गर्न योगदान पुग्नुका साथै ग्रामिण क्षेत्रमा हुने महिला र बालिका बिरूद्धको हिंसा सम्बन्धी अवस्थाको जानकारी लिएर महिला सुरक्षाको बिषयलाई व्यवहारमा सम्बोधन गर्नका लागि मार्ग प्रशस्त गर्नेछ ।
- **गुणस्तरीय सेवामा पहुँच बृद्धि :** समुदायले असुरक्षित भनी पहिचान गरेका ठाउँहरूमा प्रहरीको उपस्थिति बढ्नु टोल सुरक्षाको महत्वपूर्ण पक्ष हो । महिला हिंसाका विषयलाई सम्बोधन गर्न विषेशगरी स्वास्थ्य, परामर्श, शीप सिकाई, कानुनी सहायता, आश्रयस्थल जस्ता सार्वजनिक सेवाहरू देशभर एक द्वार संकट व्यवस्थापन केन्द्रको माध्यमबाट उपलब्ध हुनुपर्दछ । ताकि हिंसा पीडितहरूले न्याय पाउन झन्झट व्यहोर्नु नपरोस् ।
- **लैंगिक उत्तरदायी वजेट तथा राष्ट्रिय र स्थानीय योजनाहरुमा महिला र बालिका बिरुद्धमा हिंसाका मुद्दाहरुलाई स्थापित तथा नीति सम्वादः** महिला तथा बालिका सुरक्षाका लागि राष्ट्रिय र स्थानीय स्तरमा छुट्टयाइने लैङ्गिक उत्तरदायी बजेट, आवश्यकतामा आधारित हुनुका साथै महिला र बालिका बिरूद्धको व्यवहार र धारणा रूपान्तरण गर्ने गरी व्यवहारिक र रणनैतिक आवश्यकताहरूलाई सम्बोधन गरिएको हुनुपर्छ । विनियोजित वजेटको खर्चको लैङ्गिक परीक्षण गरिनुपर्दछ । महिला हिंसासँग सम्बन्धित महिला र बालिकाहरूलाई एकिकृत तथा बहुआयमिक एकमुष्ट सेवाहरू प्रदान गर्नको लागि श्रोत निर्धारण गर्दा लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तिकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्य योजना, २०६९ को लागत बिश्लेषणलाई ग्रहण गरिनुपर्ने कुरा पनि सिफारिस गरिन्छ ।
- **महिला तथा बालिका विरुद्ध हुने हिंसाका सम्बोधनका लागि सेवा प्रदायकहरुको क्षमता विकासः** हिंसा पीडितहरूलाई गुणस्तरिय सेवा प्रदान गर्ने कुराको सुनिश्चितताका लागि लैंगिक हिंसा अन्त्य तथा हिंसा पीडितप्रतिको लैंगिक

संवेदनशीलता अभिबृद्धि गर्ने विषयमा लक्षित क्षमता बिकास कार्यक्रमहरू संचालन गरिनु पहिलो महत्वपूर्ण कदम हो । अर्को महत्वपूर्ण तत्व भनेको महिला तथा बालिका हिंसाको सम्बन्धमा शुन्य सहिष्णुताका लागि क्षमता निर्माण र स्वास्थ्यकर्मी, प्रहरी र न्यायधिशहरूको नियुक्तिमा लैङ्गिक सम्बेदनशीलता अपनाई उनीहरूको लैङ्गिक सम्बेदनशील कार्यसम्पादनलाई पदोन्नतिको आधार बनाईनु पर्दछ ।

- **महिला सुरक्षाको सुनिश्चितताको लागि सार्वजनिक पुर्वधार ढाँचा र योजना सुधार:** महिला तथा बालिकामाथि हिंसाको जोखिम हुनसक्ने वाह्य वातावरणीय पक्षलाई सरकारले विशेष ध्यान दिनै पर्छ । सार्वजनिकस्थलमा महिला तथा बालिकामाथि हुन सक्ने हिंसालाई निरूत्साहित गर्ने भुमिका खेल्नेगरी सरकारले सडक बिजुलि बत्ती, आवश्यकता अनुरूपका स्थानमा प्रहरी कार्यालय र सञ्चार व्यवस्था, शौचालय व्यवस्था, तोकिएको सवारी साधन रोक्ने स्थान तथा पसलहरूको उचित व्यवस्थापन गर्नु पर्दछ । सरकारी निकायहरूले महिला र पुरूषका लागि अलग अलग शौचालयको व्यवस्था गरेर अन्य संस्थाहरूका लागि उदाहरण प्रस्तुत गर्ने प्रयास गर्नु पर्दछ ।

- **महिला हिंसा सम्वोधन गर्ने नीति कानुन र कार्यक्रमको पुनरावलोकन :** सवै किसिमका महिला हिंसाका घटनाहरू सम्बोधन गर्नका लागि सवै नीति र कानुनी व्यवस्थाहरूमा समयानुकुल सुधार गर्न न्यायिक लगायतका समीक्षा गरी सवै प्रकारका हिंसा सम्बोधन गर्ने किसिमको एक नीति तर्जुमा र अन्योल र अकर्मन्यताको लागि प्रभावकारी कानुनी व्यवस्था आवश्यक छ । उदाहरणको लागि बलात्कार पीडित महिलाले ३५ दिन भित्र उजुरी नदिए न्याय नपाउने व्यवस्थाले कयौं महिलाहरूमाथि अन्याय भईरहेको छ । त्यसैगरी सैनिक अदालतले आफ्ना सैनिकहरूले यौन हिंसा गरेको खण्डमा न्यायिक कारवाही नगर्ने परिपाटीले मानव अधिकार उल्लधंन भएका कैयन घटनाका अपराधि संरक्षित भएको पाइन्छन् ।

  महिला सुरक्षा परीक्षणले के पनि उजागर गरेको छ भने घरमा र सार्वजनिकस्थलहरूमा पर्याप्त पानी र सरसफाईको व्यवस्था नहुँदा महिलाहरू पानी लिन टाढा सम्म हिड्न र खुल्ला ठाउँमा दिशा पिसाब गर्न बाध्य हुने गर्दछन । सरकारले *"सुलभ शौचालय कार्यक्रम"* अवधारणालाई प्रभावकारी रूपमा लागुगरी प्रत्येक घरमा एउटा शौचालयको व्यवस्था गर्न अति जरूरी देखिएको छ । विद्यालयमा महिला र पुरूषका लागि अलग अलग शौचालयको व्यवस्था गर्नाले बिद्यालय जाने बालिकाहरूको संख्यामा बृद्धि गराउँछ । सार्वजनिक र निजी स्थलहरूमा महिला तथा बालिकारूमाथि हिंसा अन्त्य

गर्नका लागि अभियान सहितका नीति कानुन र कार्यक्रमहरू पुनः केन्द्रित गरिनु पर्दछ ।

- **महिला तथा बालिका बिरुद्धको हिंसामा आधारित तथ्यांक :** महिला बिरूद्ध आपराधिक घटनाहरूको तथ्यांकले महिला तथा बालिका माथिको हिंसाको प्रबृत्ति र अवस्था मापन गर्न महत्वपूर्ण भूमिका खेल्दछ । यस्ता तथ्यांकले बिषय बस्तुको गहिराई वुझ्न र तदनुरूप उपचारात्मक उपायको व्यवस्था र वकालतको लागि योजना निर्माण गर्न तथा वजेट व्यवस्था गर्न सुचना तथा जानकारी उपलव्ध गराउँछ । यस्ता तथ्यांकहरूले महिला तथा बालिका माथि हुने हिंसाको प्रबृत्ति र अवस्थावारे सुचना आदान प्रदान गरी हिंसा गर्ने कार्यमा संलग्नहरूलाई सचेत गराउन र थप हिंसा गर्नबाट रोक्न सहयोग पुर्‍याउछ । तथ्यांकहरूको उपलब्धताले नीतिगत सुधार र ढाँचा तर्जुमाका लागि बैज्ञानिक अनुसन्धान गर्न सुविधा पुर्‍याउँदछ ।
- **बिद्यालयमा शुन्य सहनशीलताको प्रवर्द्धन:** बिद्यालय तहको पाठ्यक्रममा स्वास्थ्य शिक्षाको व्यवस्था गरिएको भएपनि शिक्षकहरू यौन शिक्षा पढाउन अनिच्छुक हुने गरेको कुरा महिला सुरक्षा परीक्षणले उजागर गरेको छ । महिला र बालिकालाई अपमान गर्ने तथा उनीहरूलाई वस्तुको रूपमा व्यवहार गर्ने नकारात्मक प्रवृत्तिलाई हटाउनका लागि शिक्षकहरूलाई सम्वेदनशील मुद्दाहरूमा संवाद र छलफल गर्न प्रेरित गर्नेगरी तालिम दिन आवश्यक छ ।

## अध्ययनको सीमा

सिमित बजेट र समयको अपर्याप्तताका कारण कुल ३,९१५ गाउँ विकास समिति मध्ये सुदुरपश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र मध्यमाञ्चल विकासक्षेत्रका ६ वटा जिल्लाका एउटा एउटा गाउँ विकास समिति पर्ने गरी यो अध्ययन गरिएको छ । यो अध्ययनले महिला र बालिकाहरूको सुरक्षा सम्बन्धि वर्तमान अवस्थाको लघु स्तरको अध्ययनको वास्तविकतालाई प्रतिनिधित्व गरेको छ ।

## अध्ययनको सबल पक्ष

यो अध्ययनको कार्य समुदायका सदस्यहरूलाईनै प्रशिक्षित गरी अनुसन्धानकर्ताको रूपमा प्रयोग गराईएको हुनाले सुचना बङ्ग्यांउने तथा बढाई चडाई गर्ने सम्भावना न्युन रहेको छ ।

सार्वजनिक स्थलमा महिला र बालिकाहरुका लागि गरिने सुरक्षाका उपायहरुले जुनसुकै लिङ्ग, जाती, धर्म, पेशा, वर्गका भएपनि सबै नागरिकहरुलाई लाभ पुऱ्याउँछ । यसबाट हरेक व्यक्तिले सार्वजनिक स्थलमा सुरक्षित महसुस गर्छन् ।

अध्याय १

# सन्दर्भ

## महिला बिरुद्धको हिंसा: विश्व र क्षेत्रिय सन्दर्भ

महिलामाथि हुने हिंसालाई दिगो मानव विकासको प्रमुख बाधकको साथै लैंगिक समानता हासिल गर्ने बाटोको गम्भीर अवरोधका रूपमा स्वीकार गरिएको छ । यसले महिला र बालिकाको समुन्नत जीवन जीउनका लागि समभ्कदारी गर्न सक्ने क्षमतामा ह्रास ल्याउनुका साथै हिंसा पीडितको स्वास्थ्य तथा उनीहरूको भावनात्मक, मनोवैज्ञानिक, शारिरीक, सुरक्षा र आत्मसम्मानमा समेत नकारात्मक प्रभाव पार्दछ । यस्ता कार्यले पीडकको प्रतिष्ठामा आँच पुऱ्याउनुका साथै उनीहरूलाई अमानवीय वा निर्दयी बनाउन पनि मद्दत गरिरहेको हुन्छ । यसले उत्पादनमुलक काममा अनुपस्थिति, स्वास्थ्य खर्चमा बढोत्तरी साथै प्रहरी, अदालत सामाजिक कल्याणका कामहरूमा पनि खर्च बृद्धि गराएर सरकारी खर्चमा भार पार्दछ । महिला हिंसा महिलाको मानवअधिकारको गम्भीर उल्लघंन हो । यो महामारी जस्तै विश्वव्यापीस्तरमा सवै देश र संस्कृतिका सवै किसिमका आय स्तर भएका र जाती, वर्ग तथा समुदायमा रहेको छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार विश्वमा १२ देखि २५ प्रतिशत महिलाहरूले उनीहरूको जीवनको कुनै न कुनै समयमा यौन हिंसा, घरेलु हिंसा, बलात्कार,

ईज्जतका लागि गरिने हत्या (honor killing)[3], बेचबिखन, दाइजोको कारणले गरिने हत्या, तेजाव खन्याउने, महिलाको जनेन्द्रिय अगंभगं गर्ने, प्रजनन अधिकारमाथि नियन्त्रण जस्ता  हिंसापूर्ण भेदभावबाट गुज्रनु परेको अनुभव छ । विश्वव्यापीरूपमा प्रजनन उमेर समुहका महिलाको मृत्यु र उनीहरूलाई असमर्थ बनाउन, क्यान्सर भन्दा घरेलु हिंसा ठूलो कारकको रूपमा रहेको छ ।[४]

महिलाहरूमाथिको हिंसा अन्त्यका लागि केही वर्षयता सवैको ध्यान बढ्दै आएको छ । ई.सं.१९९३ को संयुक्त राष्टसंघीय महासभा प्रस्ताव नं. ४८/१०४ बाट पारित महिला हिंसा अन्त्य सम्बन्धि राष्ट्रसंघीय घोषणाापत्र, वेईजिङ्ग कार्ययोजना १९९५, सहश्राव्दी विकास लक्ष्य २००५ साथै संयुक्त राष्ट्र संधीय महिलाको स्थिति सम्बन्धि आयोग (CSW) को सवैभन्दा पछिल्लो ५७ औँ सत्र (४–१५, मार्च २०१३) लगायतले महिलाको सुरक्षा र हिंसाबाट मुक्ति बीचको अन्योन्याश्रित सम्बन्ध महिला माथि हुने भेदभाव अन्त्यका लागि प्रमुख आधिकारिक अधिकार हुने तथ्य स्थापित गरेका छन् । महिला विरूद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी सम्बन्धि समितिको सिफरिस नं. १९ ले महिला विरूद्धको हिंसालाई प्रतिबन्ध लगाएको छ ।

ई.सं.१९९३ को संयुक्त राष्टसंघीय महासभा प्रस्ताव नं. ४८/१०४ बाट पारित महिला हिंसा अन्त्य सम्बन्धि राष्ट्रसंघीय घोषणाापत्रले गरेको परिभाषा अनुसार "महिला विरूद्धको हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य हो, जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउदछ वा पुऱ्याउने संभावना हुन्छ, जसअन्तर्गत त्यस्तो कार्य गर्ने धम्की, दबाव र स्वेच्छाचारी रूपमा महिलाको स्वतन्त्रतामा बन्देज समेत पर्दछ ।" यस घोषणाले महिला बिरूद्धको हिंसालाई महिलाको आधारभुत अधिकार र स्वतन्त्रताको समग्र उल्लघंन तथा हनन भन्नेमा जोड दिएको छ ।

ई.सं. २००३ मा महिलाको स्थिति सम्बन्धी आयोगले मानव अधिकार र महिला हिंसा विरूद्धका मुद्दा उठाउदा, सदस्य राष्ट्रहरू सहमतीमा पुग्न सकेका थिएनन् । त्यसको एक दशक पछि सन्  २०१३ मा भएको आयोगको ५७ औं सत्रमा महिला अधिकार हिंसाबाट मुक्त र संरक्षित गरिनु पर्दछ भन्नेमा एक्यवद्धता जनाईयो । महिला हिंसाका सास्कृतिक सापेक्षता लगायतका सबै स्वरूपहरू अस्वीकार्य छन् र महिला

---

३. केहि देशमा रहेका परम्परागत रिवाज जसमा आफ्नो परिवारको इज्जत जोगाउनका लागि आफ्नै परिवारको सदस्यको हत्या गरिन्छ । http:// www. merrian-webster.com/dictionary/honor%20 killing

४. विश्व स्वास्थ्य संगठनले महिलाका विरूद्द घरेलु हिंसा र महिलाको स्वास्थ्य सम्बन्धी गरेको अध्ययन २००५  विभिन्न मुलुकमा गरेको अध्ययन

हिंसाको अन्त्यका लागि सुरक्षा, अभिव्यक्ति र छनौट (Safety, Voice and Choice) को तीन खम्बे अवधारणालाई अवलम्बन गर्नु पर्दछ भन्ने सम्बन्धमा सदस्य राष्ट्रहरूले सहमती सहितको धारणाव्यक्त गरिएको दस्तवेज पारित गरेका छन् । महिला तथा बालिकाहरूले आफ्नो अधिकार प्रयोग गर्ने क्रममा हुनसक्ने यौन दुर्व्यवहारसहित सार्वजनिक स्थलमा महिला तथा बालिका विरूद्ध हुने हिंसाका बारेमा यस आयोगले गहिरो चासो व्यक्त गऱ्यो । दस्तावेजको खण्ड ख मा महिला र बालिका विरूद्ध हुने हिंसा रोक्नका लागि संरचनात्मक तथा जोखिमपूर्ण र कारकतत्वहरू समेत सम्बोधन हुनेगरी नतिजा ल्याउन विद्यालय ओहोर दोहोर गर्ने बाटोहरूमा पनि बालिकाहरूको सुरक्षा सम्बन्धी व्यवस्थालाई सुधार गर्न आयोगले सदस्य राष्ट्रहरूलाई आह्वान गरेको छ । यसका लागि सार्वजनिक यातायात, महिला र बालिकालाई अलग र पर्याप्त मात्रामा शौचालयको सुबिधा, सार्वजनिक स्थल तथा बाटोहरूमा पर्याप्त बत्तीको ब्यवस्था, खेल्ने मैदान आदि पूर्वाधारको व्यवस्था गर्न आवश्यक छ । विशेषगरी बालिका विरूद्ध हुने हिंसालाई प्रतिबन्ध लगाउने, रोकथाम गर्ने, यौनजन्य हिंसा लगायतका अन्य हिंसालाई सम्बोधन गर्ने गरी राष्ट्रिय नीति बनाउने र ती नीति कार्यान्वयन गरिनु पर्दछ । विद्यालय तथा समुदायमा हिंसा हुन नदिने गतिविधिहरू सञ्चालन गर्न; बालिका विरूद्ध हुने हिंसालाई दण्डनीय बनाएर लागू गर्ने उपाय अवलम्बन गर्दै सुरक्षा व्यवस्थालाई सम्बोधन गर्न तथा हिंसा पीडित/प्रभावितहरूलाई संरक्षण प्रदान गर्न आवश्यक उपायहरूको अवलम्बन गर्न; निजी र सार्बजनिक गरी दुबै प्रकारका स्थलहरूमा लागू गर्न; जनचेतना अभिवृद्धिमा स्थानीय समुदायको संलग्नता अभिवृद्धि गराएर "महिला र बालबालिकाका लागि सुरक्षित (गाउँ) शहर" जस्ता योजना र कार्यक्रम संचालनगरी उनीहरूको सार्वजनिक र निजी जीवनमा सुरक्षित र हिंसामुक्त वातावरणको स्थापना गर्न सामाजिक एवम् अन्तरक्रियात्मक सञ्चार जस्ता कृयाकलापहरू अवलम्बन गर्नका लागि सदस्य राष्ट्रहरूलाई आह्वान गरिएको छ ।

अन्तर्राष्ट्रिय स्तरमा भएका कानुनी मान्यता, मापदण्ड र नीतिहरू राष्ट्रिय स्तरबाट पूर्ण रूपमा कार्यान्वयन हुन नसकेकाले विश्वका हरेक भागमा त्यस्ता कानुनी मान्यता, मापदण्ड र नीति, कार्यन्वयनमा अपर्याप्तता र असंगत बन्न पुगेका छन् । यसरीनै महिला विरूद्ध हुने सबै प्रकारका हिंसाको प्रवृत्ति र घटनाका तथ्यांकहरू हालका वर्षहरूमा उल्लेख्य रूपमा बढेका छन् । सूचना तथा जानकारीहरू अझै व्यापक छैनन् । विशेषगरी द्वन्दपश्चात र आपतकालिन अवस्थामा दण्डहिनताको वातावरणका कारण महिला विरूद्धका हिंसा नियन्त्रणका प्रयासहरू प्रभावकारी हुन सकेका छैनन् ।

तसर्थ, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदबाट पारित प्रस्ताव नं. १३२५, त्यसपछिका अन्य प्रस्ताव नं. हरू १८२०, १८८८, १९६० र २१०६ ले सशस्त्र द्वन्दमा संलग्न सबै पक्षहरूलाई लैंगिक आधारमा हुने हिंसाबाट महिला र बालिकालाई संरक्षण गर्न, शसस्त्र द्धन्दको समयमा हुन सक्ने बलात्कार, अन्यप्रकारका यौन दुर्व्यबहार र हिंसाका सबै प्रकारहरूबाट महिला र बालिकालाई संरक्षण प्रदान गर्न विशेष उपाय अवलम्वन गर्न र दण्डहीनताको अवस्थालाई अन्त्य गर्न, आह्वान गरेको छ ।

महिला विरूद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी (CEDAW) र बालबालिका अधिकार महासन्धी (CRC) का पक्ष राष्ट्र रहेका दक्षिण एसियाका सबै मुलुकहरू महिला र बालबालिका विरूद्धको हिंसा अन्त्य गर्न प्रतिबद्ध छन् । पछिल्ला दुई दशकमा दक्षिण एसियाली क्षेत्रमा महिला हिसा अन्त्यका लागि महत्वपूर्ण प्रयासहरू गरिएका भएपनि अझै यस क्षेत्रमा महिला हिंसाका मुद्दाहरू मानव अधिकारका चुनौतीका रूपमा रहेका छन् । हिंसा पिडितहरूलाई सुदृढ सहयोग पुऱ्याउन यस क्षेत्रका सरकारहरूले महिला हिंसा विरूद्धका कानुनी र नीतिगत व्यवस्था साथै सामाजिक सेवा सञ्जालको विस्तार गरेका कारणले महत्वपूर्ण उपलब्धी हासिल भएका छन् । यस्ता सकारात्मक परिवर्तनका लागि नागरिक समाज विशेषगरी महिला सम्बन्धी संस्थाहरू महत्वपूर्ण सहयोगीका रूपमा रहेका छन ।[५] महिला हिंसाका विषयवस्तुलाई स्पष्ट पार्न तथा यसलाई सार्वजनिक चासोको विषय बनाउन र यस क्षेत्रकै महत्वपूर्ण मुद्दाका रूपमा स्थापित गर्न यी अभियानहरू अग्रणी भूमिकामा सफल भएका छन् ।

विश्वस्तरमा तीन जनामध्ये एक जना महिलाले घरमै हिंसाको सामना गर्ने गरेको अनुमान छ भने दक्षिण एसियाका प्रत्येक २ जना महिलामध्ये एक जनाले हिंसाका सामना गर्ने गरेको अनुमान छ ।[६] दक्षिण एसियाली मुलुकका महिलामा जन्मनु अघिदेखि नै हिंसाको सामना गर्ने क्रम शुरू हुन्छ । बुढेसकालको सहारा तथा वंश निरन्तरताका लागि पनि छोरा चाहिन्छ भन्ने रूढिबादी सोचको परिणामस्वरूप ७,९० लाख छोरीहरू जन्मनै नपाईकन गर्भबाट बेपत्ता हुन्छन् । भारतमा मात्र भ्रूणको लिङ्ग पहिचान गरेर वर्षेनी १० लाख छोरीहरूको गर्भमै हत्या हुने गरेको र महिलामाथि हुने हिंसाको एउटा घटनाले महिलाले सात दिन सम्मको काम गुमाएका

---

५. बेईजिङ्ग कार्य योजनाको क्षेत्रीय कार्यान्वयन र यसको क्षेत्रीय एवम विश्व उपलब्धीका सम्बन्धमा समीक्षा गर्न बसेको युनेस्क्यापको उच्च स्तरीय अन्तरसरकारी बैठक ,१६–१८ सन् २००९ र महिला विरूद्दको हिंसा अन्त्यका लागि क्षेत्रीय अभियान, इ/इस्क्याप/विपीए/२००९/आइ एन एफ/५

६. अक्सफाम, २००५

छन् ।[७] सन् १९९९-२०१३ सम्ममा बंगलादेशमा महिलाहरूमाथि तेजाव खन्याएका ३१८४ घटनाहरू दर्ता भएका थिए ।[८] पाकिस्तानको स्थिति पनि यस्तै डरलाग्दो छ । औरत नामक प्रतिष्ठानका अनुसार सन् २०१२ मा ईज्जतका लागि गरिने हत्याका (honor killing) घटनाहरूमा करिब ४३२ जनाको हत्या दर्ता गरिएका थिए ।

महिलाहरूले घरभित्र र बाहिर त्रासदीपूर्ण परिणाम सहितका हिंसाका पीडा निरन्तररूपमा भोगिरहेका छन् । हिंसा र हिंसाको भयले महिलालाई उनीहरूको अधिकार र स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्नाले महिलाहरूको शिक्षा, स्वास्थ्य, र रोजगारी माथिको पहुँचलाई कटौती गर्छ र उनीहरूलाई सार्वजनिक प्रक्रियाहरूमा सहभागि हुनबाट बञ्चित गर्दछ ।

## मुद्दाहरु

- **महिला सुरक्षा र गरिबी :** महिला तथा बालिका विरूद्धको हिंसा संरचनात्मक किसिमका छन, जसले नियोजितरूपमा महिलाहरूको प्रतिष्ठा र आत्मसम्मानलाई आँच पुग्ने गरी; गरिवीबाट माथि उठ्न रोक्दै बहुस्तरमा उनीहरूलाई अवसर, छनौट र स्वतन्त्रता प्रयोग गर्नबाट बञ्चित गर्दछ । गरिवीले महिला सुरक्षालाई खतरामा पार्न सक्छ । आफु र सन्तानमा थप गरिवीको मारपर्ने भएकोले महिलाहरू हिंसाहुदा समेत चुपलागेर बस्नुपरेका अनेकौ उदाहरण छन् ।[९] दुर्व्यवहारमा परेका महिलाहरू घरवारविहिन हुने डरले परिवारका पुरूष सदस्यमाथि निर्भररही थप जोखिमयुक्त हिंसात्मक सम्बन्धमै बस्न बाध्य हुन्छन् ।
- **महिला सुरक्षा र अर्थ व्यवस्था :** महिलाहरूले पुरूषहरूभन्दा कम ज्यालामा धेरै समय काम गर्छन् । स्रोत माथि कम पहुँचको बावजुद प्रायजसो उनीहरू नै घरायसी आवश्यकता पूरा गर्न जिम्मेवार मानिन्छन् । लैङ्गिक असमानताले महिलाहरूको उपादकत्व, आर्थिक वृद्धि जस्ता आर्थिक विषयलाई प्रभावित गर्दछ । महिला विरूद्धको हिंसाले आर्थिक उत्पादकत्व घटाउँछ, स्वास्थ्य सेवा लगायतका सामाजिक कल्याणका कामहरूमा खर्च बढाउछ र मानवीय पूँजी

७. यु.एन.वुमन, २००७

८. http://www.acidsurvivors.org/statistics.html

९. नीतिगत बिकल्पकका लागि क्यानाडेली केन्द्र, मोनिका टाउन्सनले ८ सेप्टेम्बर सन २००९ मा प्रकाशित गरेको प्रतिवेदन, क्यानाडेली महिलाहरू उनीहरू आँफैमा गरिब भन्दा पनि गरिब छन ।

निर्माणमा कटौती गर्दै सार्वजनिक खर्चको बढोत्तरी गराउछ । महिला विरूद्धका हिंसाले प्रत्यक्ष र अप्रत्यक्ष लागत वढाउछ । प्रत्यक्ष लागत अन्तर्गत ती सेवाहरू आउँछन् जसले दुर्व्यवहार भएकी महिला, तिनका सन्तानलाई सहयोग, उपचार सेवा प्रदान गर्ने तथा दोषीलाई न्यायको कठघरामा उभ्याउने कार्यहरू गर्दछ । अप्रत्यक्ष लागत अन्तर्गत रोजगारी गुम्ने र उत्पादकत्वमा कमी आउने तथा मानवीय पीडा र कष्टहरू पर्दछन् । भारतमा हरेक हिंसाका घटना पछि औसतमा महिलाहरूको सात कार्य दिन प्रभावित हुने गरेको छ ।[१०] संयुक्त राज्य रोग नियन्त्रण तथा रोकथाम केन्द्रको सन २००३ को प्रतिवेदन अनुसार आफन्तले गर्ने हिंसाको खर्चमात्र प्रतिबर्ष ५८० करोड अमेरिकी डलर नाघ्ने गर्दछ । जसमध्ये प्रत्यक्ष स्वास्थ्य उपचारका लागि ४.१ अर्व र उत्पादकत्वमा कमी आएको कारणले १.८ अर्व डलर घाटा लाग्ने गर्दछ । सन् २००४ मा बेलायत र वेल्समा नजिकका मित्रबाट भएको हिंसाका कारण लाग्ने वार्षिक लागतको रकम २२.९ अर्व स्ट्रलींग पाउन्ड रहेको पाइएको थियो ।[११] सन् २००९ मा गरिएको अध्ययनले अस्ट्रेलियामा महिला र बालबालिका बिरूद्ध हुने हिंसाको लागत वार्षिक १३.६ अर्व अस्ट्रेलियन डलर बराबर हुने गरेको देखिएको थियो ।[१२]

- **महिला सुरक्षा र स्वास्थ्य :** महिला सशक्तिकरण र लैंगिक समानता हासिल गर्नका लागि महिला सुरक्षा र स्वास्थ्य एक महत्वपूर्ण कडी हो । महिला र बालिकाहरूका लागि सुरक्षित निवासका रूपमा लिईने घरहरूमा हुने हिंसाका अधिकांश घटनाहरू प्रियजन मानिने श्रीमान र घनिष्ठ मित्रले गराउने गरेको कुरा स्थापित भएको छ । अपाङ्गता भएका महिलाहरूले अझ बढी घर, कार्यस्थल र सार्वजनिक स्थलहरूमा शारिरीक, संवेगात्मक र यौनजन्य हिंसा भोग्नु परेको अनुभव छ । जनसंख्याको ५० प्रतिशतमा गरिएको एक अध्ययन अनुसार विश्वमा १०-५० प्रतिशत महिलाले आफ्नो जीवनकालमा आफ्नै नजिकका पुरूषबाट कुटाई वा अन्य शारीरिक हिंसा भोगेको उल्लेख

---

१०. अन्तराष्ट्रिय व्यापार संगठन, मार्च २००१

११. एस वाल्वी, महिला र समानता इकाई तथा लिड्स युनिभर्सिटी , घरेलु हिंसाको लागत, २००४, पेज नम्बर १२

१२. महिला र बालबालिका विरूद्द हुने हिंसा न्यूनिकरण गर्नका लागि राष्ट्रिय परिषद, २००९, क्यानबेरा, कमनवेल्थ अष्ट्रेलिया, महिला र उनीहरूका बालबालिका विरूद्द हुने हिंसाको लागत, पेज नम्बर ४ ।

गरेका छन ।[१३] महिला र बालिकामाथि हुने गरेका हिंसाका प्रभाव दीर्घकालीन हुने गरेको छ र यस्ता हिंसाका घटनाहरूले शारिरीक तथा मनोवैज्ञानिक चोट पुऱ्याउने, अपांग बनाउने, दीर्घकालीन स्वास्थ्य समस्या उत्पन्न गराउने, यौनिक तथा प्रजनन्मा समस्या उत्पन्न गराउने र चरम अवस्थामा मृत्युको शिकार समेत बनाउने गरेको छ । यसले हिंसा पीडित महिलालाई इच्छा नगरिएको गर्भ बोक्ने तथा यौन सम्बन्धी र एचआइभी एड्स जस्ता संक्रमणको शिकार हुनुपर्ने जाखिममा समेत पुऱ्याउने गर्दछ । अध्ययनले केटाकेटी उमेरमा यौन दुर्व्यबहारको शिकार भएका महिलाहरूमा हुने जोखिम उठाउने स्वभाव र पछि उनीहरूलाई हुन सक्ने एच आईभी एड्स, यौन संक्रमित रोग तथा अनिच्छित गर्भधारण बीचमा सह सम्बन्ध देखिने गरेको छ ।[१४] महिला हिंसा र शारिरीक तथा मानसिक अस्वस्थताबीच बलियो सम्बन्ध रहेको कुरा स्थापित गर्ने अन्य अनुसन्धान प्रतिवेदनहरूलाई विश्व स्वास्थ्य संगठनको एउटा अध्ययनले समर्थन गरेको छ ।

- **महिला सुरक्षा र शिक्षा :** असमान लैङ्गिक सम्बन्धका कारण महिलालाई पारिश्रमिक प्राप्त नहुने घरायसी काममा मात्र लगाउनाले उनीहरूलाई आय आर्जन गर्ने, राजनीति र अन्य सामाजिक काममा संलग्न हुने, अध्ययन गर्ने, सीप सिक्ने, तथा आराम गर्न पनि समय अभाव हुने गर्दछ । बालिकाहरूलाई परिवारका अस्थाई सदस्य तथा अर्काको घर जाने जातका रूपमा लिने प्रवृत्तिले असल साथै सफल गृहिणी बनाउन घरमा दिईने प्राथमिकताले उनीहरूलाई विद्यालय शिक्षाबाट बञ्चित गरेको छ । महिला सशक्तिकरण गरी घरभित्र र बाहिर आय आर्जनका स्रोतमा सौदावाजी गर्न सक्ने दक्षता बृद्धि गर्न, स्वनिर्णय गर्ने क्षमता अभिबृद्धि गर्न, आफ्नो प्रजनन् अधिकारमाथि स्वयंको नियन्त्रण कायम गर्न तथा सार्वजनिक जीवनमा सहभागी हुने जस्ता क्षमता विकास गर्न सबै तहको शिक्षा मध्ये माध्यमिक र उच्चस्तरको शिक्षा सबैभन्दा महत्वपुर्ण हुने तथ्यहरू प्रमाणितरूपमा स्थापित भएका छन् । शिक्षाले महिलाहरूलाई सूचना माथिको पहुँच तथा अन्य सेवा एवम् संरचनाबारे जानकारी प्राप्त गर्न सक्ने हैसियतमा पुऱ्याउन सक्ने भएकाले घरेलु हिंसा तथा कार्यस्थलमा हुने हिंसाको प्रतिरोध गर्ने क्षमता पनि बढाउने हुँदा यसलाई महिला हिंसा अन्त्यका लागि महत्वपूर्ण पक्षका रूपमा लिईएको छ ।

१३. विश्व स्वास्थ्य संगठन, महिला माथि हुने हिंसा सम्बोधन र सहस्राब्दी विकास लक्ष हासिली, २००५ पेज १५

१४. आईविआईडी, पेज २१

- **महिला सुरक्षा र सार्वजनिक जीवनमा सहभागिता :** सार्वजनिक जीवनमा सहभागीताका लागि महिला सुरक्षा पूर्व शर्त हो । सुरक्षित तवरबाट आवतजावत गर्न सकिने तथा सार्वजनिक ठाउँहरूमा आक्रमण र दुर्व्यवहारको खतरा नभईकन निर्धक्कताका साथ संलग्न हुन सक्ने अवस्थासँग सार्वजनिक सहभागिता निर्भर रहन्छ । जनसंख्याको आधारमा बढी हिंस्सामा रहेका महिलालाई, परम्परागत लैङ्गिक भूमिकाका कारण घर भित्र र चुलो चौकोमा मात्रै सीमित राखी औपचारिक रोजगारी तथा राजनीति प्रक्रियामा सहभागी हुनबाट पनि बञ्चित गरिने गरिएको छ । क्रमिकरूपमा शिक्षामा पहुँच वृद्धि, महिला आन्दोलन र अन्तराष्ट्रिय सम्मेलनहरूका कारण फैलिएको जनचेतनासँगै पछिल्ला समयमा सार्वजनिक जीवनमा महिलाको भूमिका बढ्दै गएको छ । साथै सार्वजनिक सवारी साधनमा यात्रा गर्दा वा कार्यस्थलमा हुन सक्ने दुर्व्यबहारको मुल्य पनि चुकाउनु परिरहेको छ । राजनीतिक वा अन्य प्रभावबाट प्रभावित भएर महिलालाई चरित्रहीन भएको आरोप लाग्नबाट उनीहरू मुक्त हुन सकेका छैनन् । महिला सांसदहरू कानुनी प्राथमिकता तथा  नयाँ परिवेशलाई बहसमा लैजान सकृय हुने, महिला अधिकार सम्बन्धी बिधेयकहरू ल्याउन तथा महिला बालबालिका र परिवारलाई लाभ पुऱ्याउने खालका कानुनहरू ल्याउन तत्पर हुने भएकाले राजनीतिमा महिला सहभागितालाई सकारात्मकरूपमा स्विकार गरिएको छ ।  अध्ययन अनुसार सार्वजनिक जीवनमा महिलाको सहभागिता र भ्रष्टाचार न्यूनिकरण बीच सहसम्बन्ध पाईएको छ ।
- **महिला सुरक्षा र लैंगिक न्याय :** महिलाविरूद्ध हुने हिंसाका घटनाहरू विश्वव्यापीस्तरमा नै पूर्णरूपमा सार्वजनिक नहुने खालका आपराधिक घटनाका रूपमा रहेका छन् । यसो हुनुमा यसलाई अझै पनि हिंसालाई निजी मामिलाको रूपमा हेरिनु र घरेलु हिंसाका घटना सार्वजनिक हुँदा सम्बन्धित परिवारको इज्जत गुमाउन महिलाले भूमिका खेलेको मानिनु जस्ता कारणहरू रहेका छन् । खर्चिलो, लामो र झन्झटिलो प्रक्रियाका कारण आर्थिक रूपले आत्मनिर्भर हुन नसकेका हिंसा पीडित महिलाहरूलाई अन्तिम उपायको रूपमा प्रयोग गरिने फौजदारी न्याय प्रणाली दुर्वल बनेको छ । धेरै मुलुकमा सरकारी निकायहरूबाट महिला तथा बालिकाहरू मथि हुने हिंसा विरूद्ध लड्न कानुनी व्यवस्था कार्यान्वयनमा ल्याएको भएपनि महिलामाथि हुने हिंसालाई सामान्य व्यवहारको रूपमा हेरिने सस्कृतिमा परिवर्तन गर्न सरकारहरू असमर्थ हुँदा  हिंसा पीडित महिलालाई  हिंस्रक परिवेशमा फर्काइ पुन पीडित हुने अवस्थामा पुऱ्याइन्छ । कानुनमा राखिएका प्राविधिक दफाहरूले कतिपय अवस्थामा प्रथम चरणमा नै सहजरूपमा न्याय पाउन असम्भब  बनाई दिएको हुन्छ । उदाहरणका लागि

नेपाली महिलाहरूमा कानूनी अनभिज्ञताले उजुरी गरी सक्नुपर्ने ३५ दिने हदम्यादका कारण हिंसाका मुद्दाहरूलाई प्रक्रियामा ल्याउन नसक्दा प्राथमिक अवस्थामा पिडित महिलाहरू न्यायबाट बञ्चित भएका छन् । यसले नेपालमा द्वन्दको समयमा भएका यौन हिंसाका कैयौं पीडितहरू न्याय पाउनबाट बञ्चित भएका छन् भने पीडकहरू न्यायिक उन्मुक्तिपाई शक्ति सम्पन्न ओहदामा समेत पुगेका छन् । हिंसाका मुद्दाहरूका न्याय प्रक्रियालाई निरोपण गर्न सके महिलाको सुरक्षा र प्रतिष्ठा संरक्षणको सुनिश्चितताामा अलिकति भए पनि सहयोग पुग्न सक्छ । भारतको नयाँ दिल्लीमा सन् २०१२ डिसेम्बर महिनाको घटनामा सामुहिक बलत्कारपछि हत्या गरिएकी २३ वर्षिया चिकिस्शाशास्त्रकी विद्यार्थी निर्भयाको मूद्दामा यस्तो उदाहरण  देखिएको छ । यो मुद्दा द्रुत न्याय सुनवायी अदालतमा लगिएको थियो र  घटनामा ४ जना दोषीहरूलाई मृत्यू दण्डको फौसला सुनाइएको थियो । घटनाका दोषीहरूमध्ये एकजनाले जेलमा आत्महत्या गरेका थिए भने अर्को नावालिग भएका कारणले सुधार सुविधा सहित बढीमा तीन वर्षको काराबास सजायँ दिइएको थियो ।

- **महिला सुरक्षा र पर्यावरण, उर्जा एवम् जलवायु परिवर्तन :** अधिकांश मुलुकहरूमा महिलाहरूलाई जग्गा र सम्पत्तीमा कानुनी अधिकार छैन । महिलाहरू श्रम र व्यवस्थापनमा प्राथमिक लगानीकर्ता साथै दैनिक जीवन निर्वाहका लागि जग्गा जमिनमा नै मुख्य रूपमा निर्भर रहनुपर्ने भएपनि जमिन माथिको कानुनी अधिकार नहुँदा आर्थिक कारोबार गर्न तथा आयआर्जन सुनिश्चित गर्न उनीहरू असमर्थ हुने गर्दछन् । महिलाहरूलाई घर परिवारको पानी र उर्जा व्यवस्थापकका रूपमा हेर्ने गरिएको छ । तर निर्णय प्रक्रिया र प्राकृतिक स्रोत सम्बन्धी कोषको बाँडफाँडमा र नियन्त्रणको सन्दर्भमा उनीहरूलाई  अलग राखिन्छ । प्राकृतिक स्रोत माथि नियन्त्रणमा पनि महिलाले असुविधाको सामना गर्दछन् । समुदायमा महिला र बालिकाहरूलाई घरपरिवारका लागि पानी ओसार्ने, पाल्तु जनवारका लागि घाँसपात र आहारको व्यवस्था गर्ने र खाना पकाउनका लागि परम्परागत इन्धनको व्यवस्था गर्ने जिम्मेवारी दिइएको हुन्छ । यी काम गर्नका लागि लामो दुरी सम्म हिड्नुपर्ने हुदा उनीहरूमा यौन दुर्व्यबहार र आक्रमणमा पर्ने जोखिमलाई बढाएको हुन्छ । जलबायु परिवर्तनको प्रभाव लैंगिक तटस्थ छैन । यसका उदाहरणमा चक्रवात, बाढी, पहिरो र अन्य मौसम परिवर्तन सम्बन्धी विपदहरूमा ठूलो संख्यामा महिलाहरूनै बढी मात्रामा प्रभावित र पीडित बन्ने गरेका घटनाहरू लिन सकिन्छ । महिलाहरू मौसम परिवर्तनका कारण उत्पन्न प्रकोपको तत्कालीन प्रभावको उच्च

जोखिममा हुन्छन । उनीहरूको गतिशिलता, सामाजिक सञ्जाल, सूचना जानकारी सेवा र स्थानीय संस्थाहरूका साथै सम्पत्तिमाथिको नियन्त्रण र स्वामित्व जस्ता कुराहरूमा समाज निर्मित लैङ्गिक भिन्नतामा आधारित भूमिकाका कारण स्थायी तवरले नकारात्मकरूपमा प्रभावित भएका हुन्छन ।

- **महिला सुरक्षा र लैंगिक उत्तरदायी बजेट :** हिंसा पीडित महिला तथा बालिकहरूको लागि गरिएको संरक्षण र सहयोग सेवाहरू भएतापनि अपर्याप्त छन । राष्ट्रिय र अन्तराष्ट्रिय प्रयासहरू हुँदाहुँदै पनि सामाजिक सेवा, कानुनी उपचार, स्वास्थ्य सुविधा आदि जस्ता क्षेत्रमा हिंसा पीडित महिलाहरूलाई सीमित मात्रै पहुँच छ । संयुक्त राष्ट्रसंघीय निकायहरू , दुईपक्षीय दाता, सरकार र महिला तथा नागरिक समाज जस्ता निकायहरूले गरेको प्रयासहरू महिलाहरू विरूद्ध हुने हिंसाको विरोधमा जनचेतना जगाउन, आन्दोलन गर्ने देखि लिएर कानुनी र नीतिगत ढाँचाको सुधारको लागि वकालत गर्ने, न्याय तथा सुरक्षा क्षेत्र सुधार, क्षमता अभिवृद्धि, सुरक्षित स्थलको व्यवस्था गर्न समुदायमा आधारित हस्तक्षेप, हिंसा पीडितहरूलाई कानुनी र स्वास्थ्य सेवा पुऱ्याउन साथै स्वभाव र व्यवहारमा सुधार ल्याउन धार्मिक आस्थाका संस्था तथा पुरूष र युवाहरूको संलग्नता गराउने लगायतका गतिविधि संचालन गर्नेसम्मका रोकथाम र रणनीतिक प्रतिकारमा केन्द्रित छन् । यद्यपि यिनीहरूमध्ये अधिकांश विषयहरू व्यवहारगत र स्वभाव परिवर्तन गराउनका लागि सिमित समय अवधिका लागि परियोजनाका रूपमा संचालित छन् । घर तथा समुदायहरूलाई हिंसा मुक्त बनाउने चाहना प्राप्त गर्न महिला हिंसाको रोकथाम र महिला तथा बालिकाको सुरक्षा सम्बन्धि दिर्घकालीन लगानी आवश्यक पर्दछ । यस्ता लगानीहरू लैंगिक उत्तरदायी बजेट पद्धतिको माध्यमबाट आउन सक्दछन् । जसले विभिन्न शिर्षक अर्न्तगत बजेट बाँडफाँडको विश्लेषण गर्दछ र अर्न्तराष्ट्रिय प्रतिबद्धता बमोजिम बजेट ल्याईएको छ भन्ने कुराको सुनिश्चितता गराउनका लागि र अझ बढी समतामूलक बनाउनका लागि परिवर्तन गर्नुपर्ने कुराको सुझाव दिन्छ ।

जब महिलाहरु घरमा समान हुन्छन्, सार्वजनिक जीवनमा
पनि सो प्रतिविम्वित हुदै जान्छ ।

अध्याय ३

# प्रमाण : हिंसाको स्थिति

सन् १९७० को दशकदेखि विश्वका धेरै शहरहरूमा महिला अधिकारको सुरक्षाको सुनिश्चितताका लागि महिलाका लागि विश्व सुरक्षित शहर सम्बन्धी अभियानको नेतृत्व महिला समूहहरूले गर्दै आएका छन् । महिला सुरक्षाका सम्बन्धमा सम्पन्न भएका तीनवटा अन्तर्राष्ट्रिय सम्मेलनहरू, मोन्ट्रीएल घोषणापत्र २००२, बोगोटा घोषणपत्र २००४ र दिल्ली घोषणापत्र २०१० ले महिला तथा बालिकाहरू विरूद्धको हिंसालाई महिलामात्रको मुद्दा नभई  सबैको साझा मुद्दाका रूपमा हेरिनु पर्दछ भन्ने कुरामा जोड दिदै यसलाई रोक्नका लागि सुशासन सहित समग्रतामा विशेष जोड दिएको छ । यस्ता प्रयासहरू लैङ्गिक संवेदनशील नीति र कानुनी व्यवस्था निर्माणमा मात्र नभई, सार्वजनिक स्थान र सेवामा सुरक्षित रहन सक्ने, सबै क्षेत्र र निकायमा लैङ्गिक मूलप्रवाहीकरण हुने गरी व्यवहार र प्रकृयामा सुधार, भूमी सुधार, घर तथा सम्पतिमाथिको सुरक्षालाई प्रबर्द्धन गर्ने महिलाहरूका व्यवहारिक र रणनीतिक आवश्यकताहरू पुरा गर्ने  र सम्बोधन गर्ने गरी लैङ्गिक संवेदनशील पूर्वाधार योजना निर्माण तथा महिला र बालिका विरूद्ध हुने हिंसाको प्रभावकारी अनुगमन र मुल्याङ्कनलाई विशेष महत्व दिनुपर्ने सम्बन्धमा केन्द्रित हुन सम्बद्ध पक्षको ध्यान आर्कषण गराएको छ ।

शहरमा महिला अन्तराष्ट्रिय (WICI), महिला र ह्यावीट्याट संञ्जाल ल्याटिन अमेरिका, द ह्यूआइरो आयोग, जागोरी, यूएन ह्याविट्याट, र  एक्सन एड जस्ता संस्थाहरू  यु एन वुमनका महिला र बालिकाहरूका लागि सुरक्षित शहरको सृजना गर्ने पक्षमा काम गर्दै आइरहेका छन् । सार्वजनिक स्थलहरूमा महिला र बालिकाहरूलाई हिंसा हुनसक्ने जोखिमपूर्ण अवस्थामा पु¥याउने कारक तत्वहरूको बारेमा अनुभवजन्य प्रमाणहरू संकलन गर्ने कार्यका लागि अनुसन्धान गर्ने कार्यलाई उनीहरूले मुख्य कार्यक्षेत्र  बनाएका छन् । यस्ता प्रमाणहरूको आधारमा उनीहरूले सार्वजनिक स्थल तथा सुविधाहरूमाथि महिलाहरूको सुरक्षित पहूँच, आवत जावत र अन्य सुरक्षाका अभियान चलाएका छन् ।

भारतको दिल्लीस्थित शहरी क्षेत्रमा जागोरीले शहरमा महिला अन्तर्राष्ट्रिय (WICI) को सहयोगमा सन् २००९/२०१० मा गरेको अनुसन्धान[१५] अनुसार गरिबी, असमानता, बहिष्करण, शहरी विकास तथा योजनामा लैंगिक सूचकांकहरूको अभाव, महिलाहरूका लागि सफा र  सुरक्षित सार्वजनिक शौचालयहरूको अभाव, सडक बत्तीहरू तथा  उपयुक्त बाटोघाटोको व्यवस्था नहुनु आदि जस्ता कारणहरूले गर्दा महिला तथा गरिब समूहलाई लैंगिक आधारमा हुने जोखिममा पु¥याएको देखाइएको छ । अध्ययनले के पनि देखाएको छ भने पुरूष बाहुल्य सार्वजनिक स्थान तथा समाजिक व्यवहारका कारणले पनि महिला असुरक्षालाई बल प्रदान गरेको छ । यस्ता व्यवहारमा महिला र बालिकाहरूलाई कुदृष्टिले हेर्ने देखि लिएर उनीहरूलाई पिछागर्ने, अपशब्द बोल्ने र यौन आक्रमण गर्ने सम्मको यौन दुर्व्यवहारहरू सामान्य मानिन्छन् । महिलाले सार्वजनिक सवारी साधनको प्रयोग गर्नु भनेको यौन दुर्व्यवहार हुन सक्ने संभावनाको उच्च जोखिमलाई निम्त्याउनु जस्तै भएको छ । यसै समयमा महिलाहरूमा आफ्नो अधिकार बारेको  चेतना बृद्धि भैरहेको र धेरै महिलाहरूले उनीहरूमाथि दुर्व्यबहार गर्ने र हिंसा गर्ने दोषीहरू विरूद्ध प्रतिरोधको प्रयास गरेको कुरा पनि अध्ययनमा उल्लेख छ । सुरक्षित शहरको स्थापनाका लागि प्रहरीको महत्वपूर्ण भूमिका हुन्छ भन्ने कुरामा अधिकांश व्यक्तिहरू सहमत देखिए पनि प्रहरीप्रतिको कम विश्वासका कारण अत्यन्तै थोरै महिलाले मात्रै यौन दुर्व्यवहारका घटनाबारे प्रहरीमा उजुरी गर्ने गरेको अनुसन्धानबाट खुल्न आएको छ । एक्सन एडले सन् २०११ मा सम्पन्न गरेको “महिला र शहरः हिंसाको लैंगिक प्रभाव र शहरीकरणको जाँच”[१६] विषयक अनुसन्धानबाट प्राप्त भएका नतिजा मध्ये केही निम्न बमोजिम रहेका छन् –

१५. जगोरी/डव्लुआईसिआई/ महिला हिंसा विरूद्धको युएन ट्रष्ट फण्ड : महिला सुरक्षा बुझाई : लैङ्गिक समावेशी शहर तर्फ, अनुसन्धान नतिजा २००९/१० पेज १–२

१६. एक्सन एड इन्टरनेसनल, महिला र शहर आइआइः शहरका सार्बजनिक ठाउँहरूमा महिला र केटीहरू विरूद्द हुने हिंसा विरूद्दको संघर्ष– सार्बजनिक सेवाको भुमिका, फेब्रुअरी, २०१५, पेज न ः१५



**ब्राजीलमा** लागूऔषध ओसारपसार र सोसँग सम्बन्धित हिंसाले जीविकोपार्जन, शिक्षा र मनोरञ्जन प्राप्त गर्नबाट बञ्चित तथा निम्न स्तरको जीवन निर्वाह गरिरहेका गरिब महिलाहरूलाई थप त्रास फैलाएको छ । यसका लागि अपर्याप्त पूर्वाधार र सार्वजनिक सेवा, प्रहरी तथा सार्वजनिक क्षेत्रका अधिकारीहरूको अकर्मन्यता मुख्य कारकका रूपमा उद्धृत गरिएको छ । बलात्कारका घट्ना र बलात्कार हुन सक्ने त्रास सामान्य जस्तै छन् । सार्वजनिक स्थल तथा शहरका खाली ठाउँहरूमा एक्लै हिड्ने वयस्क महिलाहरूलाई सबैभन्दा बढी खतरा रहेको अध्ययनले देखाएको थियो । दुर्व्यवहार र हिंसाका लागि महिलाहरूलाई नै जिम्मेवार मानी अपराधलाई सामान्यिकरण गरिएको पाईयो । अध्ययनबाट पत्ता लागेका अन्य विषयहरूमा विश्वकप र ओलम्पिक खेल प्रतियोगिता जस्ता ठूला ठूला परियोजनाहरूबाट महिला सुरक्षामा नकारात्मक प्रभाव परेको जसमा किशोरी अवस्थामा गर्भधारण गर्ने, बालबालिका तथा किशोरीहरूमाथि यौंन दुर्व्यवहारमा बृद्धि, कम उमेरका यूवतीहरू धेरै यौंन पेशामा संलग्न हुने गरेको, यौंन सर्म्पकका कारण सरूबा रोगहरू फैलिएका छन् र लागूपदार्थको प्रयोग बढेको उल्लेख छ ।



**क्याम्बोडियामा** गार्मेन्टमा काम गर्ने महिला कामदारहरूका सुरक्षाका सम्बन्धमा गरिएको अनुसन्धान अनुसार त्यहाँ महिलाहरूको यौंन तथा प्रजनन् सुरक्षाको सुनिश्चितता गर्नका लागि उपलब्ध सेवाहरू तथा बलात्कारका घट्नाहरूलाई सम्बोधन गर्ने व्यवस्था अपर्याप्त रहेका थिए । गार्मेन्टमा कामगर्ने महिला मध्ये अधिकांश महिलाहरू ग्रामिण गरिबीका कारण आफ्नो प्रान्तबाट बसाईसराई गरेर आएका थिए । उनीहरू छोटो अवधिको करार, कम ज्यालादर र अत्यन्त कम सुविधामा काम गर्नुपर्ने बाध्यतामा रहेका थिए । अपर्याप्त संख्यामा रहेका प्रहरीहरू, भाडामा बस्ने ठाउँमा हुने भीडभाड, कमजोर सरसफाइको सुविधा, बत्तीको मधुरो प्रकाश र बस्ने ठाउँ र शौचालय बीचको लामो दुरी जस्ता कारणले बलात्कार लगायत महिलामाथि हुने हिंसाको जोखिम बढाएको थियो ।



**इथियोपियामा** गरिएको अनुसन्धानले आदिस अवाबा शहर र यस्को आसपासका सडकहरूमा घुमफिर गरेर सानातिना व्यापार गर्ने महिलाले थुप्रै समस्या भोग्नु परेको कुराको उजागर गरेको थियो । ती मध्ये सुरक्षित बजार स्थलको अभाव, चोरी डकैती र हत्याको खतरा, आवास र यातायात सुविधाको समस्या रहेका थिए । हिंसा र दुर्व्यवहारका दोषीहरूले सजिलैसँग डकैती गर्न, ठगी गर्न र यौंन इच्छा पूरा गर्न सडकमा घुमफिर गरेर व्यापार गर्ने महिलाहरूलाई लक्ष बनाउने गरेको कारण हिंसा

र दुर्व्यबहारको शिकार भएका महिलाहरूको आम्दानी र उनीहरूको व्यवसायको दीगोपना र उनीहरूको सशक्तिकरणमा प्रभाव पारेको उल्लेख गरेको थियो ।



**लाइबेरियाको** महिला विश्वविद्यालयका विद्यार्थीहरूले गृहयुद्धको अवशेषका रूपमा बलात्कार सहित व्यापक रूपमा यौन हिंसाका सामना गर्ने गरेको पाइयो । अध्ययनले विश्वविद्यालय स्तरमा यौन तथा प्रजनन् स्वाथ्य सेवा परामर्श, क्याम्पसको सुदृढ सुरक्षा व्यवस्था, विद्यार्थी संगठनहरूको सुरक्षा व्यवस्था र हिंसा विरूद्धको चेतना अभिवृद्धि गर्न तथा यसको अन्त्यका लागि वकालत गर्न सरोकारवालाहरूको संलग्नतामा समुह गठनका साथै क्याम्पसमा हुने हिंसाका घटनाहरूका सम्बन्धमा विश्वविद्यालयका अधिकारीहरू र राष्ट्रिय तथा स्थानीय सरकारका अधिकारीहरूलाई जिम्मेवार बनाउनु पर्ने आवश्यकता देखिएको थियो ।



यसरी नै **नेपालमा** विशेष गरी बेरोजगार भई घरमा बस्ने र काठमाण्डौमा अनौपचारिक क्षेत्रमा काम गर्ने अधिकांश महिलाहरूले आर्थिक अवस्थामा सुधारका लागि प्रयोग गर्ने बस, माइक्रोबस तथा एकान्त स्थानमा जाने अन्य सार्वजनिक सवारी साधन प्रयोग गर्दा हिंसा र दुर्व्यवहारको सामाना गर्नु परेको उनीहरूको अनुभव रहेका पाईयो । यस्ता महिलाहरू राम्रो अवसरको खोजीमा काठमाण्डौमा बसाईंसराई गरेर आएका पाइन्छ । यस्तो हिंसा भीडभाड, समयको अवस्था तथा प्रतिकूल मौसम अनुसार पनि फरक हुने गरेको अनुभव महिलामा रहेको पाईएको थियो । यस्तो अवस्थामा परिवारबाटै प्रचलित सांस्कृतिक मुल्य मान्यता अनुसार उनीहरूलाई मुख नखोल्न, परिवारको इज्जत जोगाइदिन तथा घटनाहरूलाई सार्वजनिक नगर्न प्रेरित गरेको पाईयो । उनीहरूलाई आफ्नो सुरक्षाको लागि जतिसुकै हतार भए पनि परिस्थिति अनुसार आफूभन्दा जेष्ठ नागरिक, श्रीमान वा साथी लिएर यात्रा गर्न सल्लाह दिने गरेको पाईयो ।

महिला र बालिकाहरु विरुद्ध हुने हिंसा अन्त्य गर्ने काम
गर्न आफ्नो छोरालाई सिकाउनुहोस् ।

अध्याय ३

# महिला सुरक्षा परीक्षण (WSA): नेपालको अनुभव

## महिला सुरक्षा परीक्षण के हो ?

महिला सुरक्षा परीक्षण सहभागीता मूलक अनुसन्धान पद्धति/ साधन हो, जस्ले महिलाको सुरक्षा स्थितिको बारेमा विश्लेषण गर्दछ । महिलाहरूको सुरक्षा अवधारणा के हो भन्ने कुरालाई उजागर गर्छ र उनीहरूको रक्षाका लागि अवलम्बन गर्ने अभ्यास र सुरक्षा उपायका बारेमा विश्लेषण गर्दछ ।[१७] यसले महिला र बालिकाहरूको सुरक्षामा प्रभाव पार्ने सार्वजनिक स्थानहरूको लैङ्गिक प्रयोगको अध्ययन गर्छ । यसले महिलाहरूले हिंसामुक्त अवस्थामा स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्न तथा हिंसाबाट संरक्षण प्राप्तगर्न सरकारी नीति, नियम र योजना कार्यन्वयन भएका छन् कि छैनन् र के कस्ता कमी कमजोरीहरू छन् भन्ने कुराको पनि जाँच पड्ताल गर्दछ । महिला र पुरूषले सार्वजनिक स्थलहरूको फरक फरक

१७. जागोरी २०१०, महिला सुरक्षा बुझाई : लैङ्गिक समावेशी शहर तर्फ, अनुसन्धान नतिजा दिल्ली २००९/१० पेज २९

ढंगले प्रयोग गर्ने भएकाले महिला र बालिकाहरूको सुरक्षित आवतजावतलाई प्रवर्द्धन गर्ने गरी सार्वजनिक स्थलको पूर्वाधार योजना तथा ढाँचाहरूको पनि यसले अध्ययन तथा जाँच गर्दछ । परीक्षणको क्रममा गरिने अनुसन्धानमा जटिल प्रक्रियाको सट्टा सामुहिक र समावेशी पहूँचको प्रयोग गरिन्छ, जहाँ सबै सरोकारवालाहरू संलग्न हुन्छन् र समुदायमा महिलालाई प्राप्त सुरक्षा सम्बन्धी सेवा र पूर्वाधारहरू, सो सम्बन्धमा उनीहरूको अनुभव साथै भविष्यमा गर्नुपर्ने सुधारका विषयवस्तुमाथि विशेषरूपमा ध्यान केन्द्रीत गर्दछ । उदाहरणका लागि सामान्यतया सार्वजनिक स्थानहरू महिलाले भन्दा पुरूषले बढी प्रयोग गर्ने भएकाले महिला र बालिकाहरूले त्यस्ता स्थान हुँदै हिड्डुल गर्दा आफूमाथि यौन दुर्व्यवहार हुनसक्ने, आफूलाई पुरूष र केटाहरूले जिस्काउन सक्ने तथा हिंसा हुन सक्ने डरको अनुभव गर्न सक्छन् । महिला र बालिकाहरूले सार्वजनिक शौचालयको प्रयोग गर्ने क्रममा पुरूषहरूको समुहको नजिकबाट जानु परेमा यौनजनित जिस्क्याईमा पर्ने आशंकामा शौचालयको प्रयोग गर्न नै अपठ्यारो मान्न सक्छन् । सर्वाजनिक स्थलहरूमा महिलाको सुरक्षाको सुनिश्चितता हुनेगरी आवश्यक पूर्वाधार तथा व्यवस्थापनमा के कस्तो सुधार आवश्यक छ भन्ने कुरा थाहा पाउनका लागि महिलाको अनुभव लिने तथा सरकारी निकायका अधिकारीहरूलाई पनि सार्वजनिक स्थलका बाटोहरू हिड्न आमन्त्रण गरिन्छ ।

क्यानाडाको टोरन्टोमा अवस्थित महानगरीय कार्य समितिले (द मेट्रोपोलिट्यान एक्सन कमिटि) महिला र बालबालिका विरूद्धको सार्वजनिक हिंसाका सम्बन्धमा सन् १९८९ मा महिला सुरक्षा परीक्षण पद्धतिको विकास गरेको थियो । यसले गरेको परिभाषा अनुसार महिला सुरक्षा परीक्षण भनेको "महिलालाई हुन सक्ने हिंसा र जोखिमको दृष्टिकोणबाट परिवेशको मुल्याङ्कन तथा सो न्युनिकरण हुनेगरी परिवर्तनको आवश्यकताको पहिचान गर्ने विधि हो" ।[१८]

## नेपालमा महिला र सार्वजनिक स्थल

परम्परागत रूपमा सार्वजनिक स्थल पुरूषहरूले प्रयोग गर्ने स्थल हो भन्ने सामान्य बुझाइका कारण महिलाहरूले त्यस्ता स्थानको कमैमात्र प्रयोग गर्ने वा टाढै रहदै आएका छन् । महिलाहरूको आवतजावतको स्वतन्त्रताका लागि केही दशक यताका महिलाबादी आन्दोलन र अभियानहरूले उजागर गरेका सशक्त आवाजका कारण

१८. जागोरी/ डब्लु आइ सि आइ, न्यून आम्दानी भएका शहरी छिमेकहरूमा महिला सुरक्षा अडिट सम्बन्धी हाते किताबः अनिवार्य सेवाहरूमा केन्द्रीत, नोभेम्बर २०१०, पेज नम्बर १३

महिलामाथिको आवतजावतको प्रतिबन्ध खुकुलो हुदै आएको छ । नेपालमा एक दशक सम्म चलेको द्वन्दले रूपान्तरणका लागि महिला सशक्तीकरणको विषयलाई मुख्य रूपमा वकालत गरेका कारणले सार्वजनिक जीवनमा महिलाको सहभागीता र लैंगिक समानताको विषयलाई थप गति प्रदान गरेका छन् । तत्कालिन समयमा ग्रामीण तहमा ठूलो संख्यामा महिला परिचालित गर्न माओबादी सफल हुनुका साथै उसले तयार गरेको लडाकुहरूमध्ये ३० प्रतिशत महिला थिए ।[१९] महिलाहरू घरभित्र र हेरचाहका काममा मात्रै सिमित हुनुपर्ने र सधै स्रोतयुक्त पुरूषको संरक्षणमा रहनु पर्ने भन्ने परम्परागत मान्यतामा परिवर्तन गर्न यसले महत्वपूर्ण योगदान दियो । माओबादी लडाकु दस्ता भित्र महिला लडाकुको सहभागीताले नेपाली सेनामा महिलाको सहभागिताका लागि महिलालाई भर्ना गर्ने बातावरण बनायो ।

विश्वव्यापीकरण, आन्दोलन, द्वन्द  तथा विभिन्न सरकारी र विकास निकायहरूको समग्र प्रयासले महिलाहरूलाई  घरबाट बाहिर निस्कन र शिक्षा, रोजगारी तथा सार्बजनिक सहभागिताका पक्षमा अग्रसर हुन प्रेरित गर्‍यो । १० वर्षे शसस्त्र द्वन्दको जगमा २०६३ मा जारी गरिएको अन्तरिम संविधानले निर्णायक तहमा ३३ प्रतिशत महिला सहभागितालाई सुनिश्चित गर्न आरक्षणको व्यवस्था गर्‍यो साथै बालबालिकाहरूलाई आमाको नामबाट  नागरिकता पाउन सक्ने व्यवस्थाको सृजना गर्‍यो । यसैको परिणामस्वरूप पहिलो संविधान सभामा महिला सभासद्हरूको उपस्थिति ३३ प्रतिशत भन्दा केही माथि रह्यो भने २०७० मंसीरमा सम्पन्न दोस्रो संविधान सभाको आम निर्वाचनबाट गठित बर्तमान संविधानसभामा महिलाको सहभागिता ३० प्रतिशत रहेको छ । यद्यपि राजनीतिक दलका कार्यसमिति तहमा भने १.६ देखि ३.५ प्रतिशत मात्रै महिलाको सहभागिता रहेको छ । त्यसैगरि निजामति सेवामा १४ प्रतिशत महिला सहभागिता रहेको छ भने न्यायपालिकामा १.७८ प्रतिशत, नेपाल प्रहरीमा ५.६५ प्रतिशत, सशस्त्र प्रहरी बलमा १.१९ प्रतिशत र नेपाली सेनामा १.२ प्रतिशत महिला सहभागीता रहेको छ ।[२०]

सरकारले  व्यवस्था गर्न सक्ने सुरक्षा उपायहरू सम्बन्धी पहलको अभावमा महिलाहरूले आफ्ना अधिकारहरूको पूर्ण प्रयोग गर्न थुप्रै अवरोधहरूसँग जुध्नु परेको छ । दिदी बहिनी नामक संस्थाले सामाजिक अनुसन्धान केन्द्र नयाँ दिल्ली, र युएन.वुमनको सहयोगमा राजनीतिमा महिला विरूद्धको हिंसाका सम्बन्धमा गरेको अनुसन्धान अनुसार विशेषगरी पहिलो पुस्ताका राजनीतिमा आवद्ध महिलाहरूले सबै तहमा

---

१९. http://reliefweb.int/sites/reliefweb.int/files/resources/4DF98D25D63E5852852577CA00683717-Full_Report.pdf

२०. http://www.everestuncensored.org/status-of-women-in-nepal/

बहुपक्षिय स्वरूप र बहुआयामका हिंसाको सामना गर्नु परेको उल्लेख गरेका छन् । सार्वजनिक स्थानमा महिलाको आवतजावतमा पुरूषहरूबाट हिंसाजन्य दुर्व्यवहार वा घटनाको जोखिम भएको अनुभव गरेका छन् । महिलाहरूको आवतजावतमा देखिएको स्वतन्त्रता वा बन्देजमा आएको छुटको तुलनामा महिलाहरूप्रति गरिने व्यवहार र स्वभावमा समानुपातिक परिवर्तन आई सकेको छैन । मूलूकको विकास र प्रगतिका लागि महिलालाई सहयात्रीका रूपमा लिइनुको सट्टा उनीहरूलाई प्रयोग गर्ने वस्तुको रूपमा हेर्ने परिपाटी यथावत छ । यसले के तथ्यलाई प्रमाणित गर्दछ भने महिलाहरूलाई घर भित्र हुँदा घरेलु हिंसाबाट हुनसक्ने असुरक्षामा केही सुधार गर्न सके (तालिका-१) पनि सार्वजनिक स्थलमा पुरूषहरूबाट हुने यौन दुर्व्यबहार र हिंसाबाट मुक्त भई आफ्नो स्वतन्त्र जीवन सम्बन्धि स्वतन्त्रताको अधिकार उपभोग गर्ने अवस्थामा आई पुगेका छैनन् ।

## नेपालको परिप्रेक्ष्यमा महिला सुरक्षा परीक्षण

नेपालमा लैंगिक आधारमा हुने हिंसा र महिला विरूद्ध हुने हिंसाका सम्बन्धमा आवाज उठाउन थालिएको धेरै समय भएको भए पनि महिलाका लागि सुरक्षा परीक्षणको आवश्यकतावारे राजनीतिक र विकासका बहसहरूमा हिंसा सम्बन्धमा महिला सुरक्षाको विषयले स्थान पाई सकेको छैन । महिला हिंसाका घटनाहरूमध्ये बलात्कारको गम्भीर घटना तथा हत्या बाहेकका अन्य हिंसाका घटनाहरूको सम्बन्धमा पनि सम्बन्धित ठाउँमा उजुरी गर्नु पर्छ भन्ने मान्यता, महिलाहरू विरूद्धको हिंसा सम्बन्धमा बेवास्ता गरिएको विषय हो । सामाजिक संरचनामा पुरूषहरूलाई सम्मानित स्थानमा राख्ने मान्यताले, चरित्र हत्या तथा बहिस्करणको डरले महिला र बालिकाहरूलाई स्वयंले गलत भनि अनुभुत गरेका विषयमा सहयोग लिन जाने अवस्थाबाट रोक्दछ । सहयोगी संयन्त्रको अनुपस्थिति र ज्ञान र सूचनाको अभावका कारण हिंसा हुन सक्ने अवस्थालाइ अझ बढी मलजल गर्ने गर्दछ । जब महिलाहरूले हिंसा विरूद्धको उपचार वा क्षतिपूर्तिको माग गर्दछन् उनीहरूलाई चुप लगाउनका लागि थप हिंसा गरिन्छ , जुन महिलाहरूको लागि थप दुर्भाग्यपूर्ण छ ।

हालैका वर्षहरूमा यौन हिंसाका घटनाहरूको विरूद्धमा उजुरी गर्ने प्रवृत्ति समग्रमा बढेको छ । आर्थिक बर्ष २०६९/७०मा प्रकाशित नेपाल प्रहरीको प्रतिवेदन अनुसार बिभिन्न प्रकारका हिंसामध्ये ५५ प्रतिशत घरेलु हिंसा, २१ प्रतिशत बलात्कार सम्बन्धी घटना र ११ प्रतिशत घटनाहरू बहुविबाहका थिए । यसरीनै ८ प्रतिशत घटनाहरू बलात्कार प्रयाससँग सम्बन्धित थिए भने बेचबिखन सम्बन्धि ४ प्रतिशत,

गर्भपतनसँग[२१] सम्वन्धित १ प्रतिशत र बालविबाहसँग सम्बन्धित ०.५ प्रतिशत घटनाका उजुरी परेका थिए । जनचेतनामा भएको बृद्धि, सञ्चार अभियान र प्रहरी, गैऱ्ह सरकारी संस्था, र सेवा प्रदायकहरूको क्षमता अभिवृद्धिका कारण उजुरी गर्ने प्रवृत्ति बढेको हो ।

## नेपालको सन्दर्भमा महिला सुरक्षा परीक्षण

क्यानाडा, अस्ट्रेलिया, नेदरल्याण्ड, संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका, तान्जानिया, ब्राजील, र क्याम्बोडिया देशका शहरी ईलाकामा महिला सुरक्षा परीक्षण गरिएको थियो । यी अध्ययनहरूले शहरहरूमा विद्यमान महिला सुरक्षा सम्बन्धि अवधारणहरूलाई अझै स्पष्ट गर्न मद्दत पुऱ्याएको छ । सामान्यतया शहरी ईलाकामा अधिक जनघनत्व हुने हुदा आपतकालीन अवस्थामा सहयोग प्राप्त गर्न सहज हुने अनुमान गरिन्छ । तर महिला सुरक्षा परीक्षणका नतिजाहरूले भने शहरका सार्वजनिक स्थलहरू विशेषगरी हतारको अवस्था जस्तै शहर अत्यन्त व्यस्त भएको बेलामा, राती अनि उज्यालो नपुगेको अवस्थामा र अपर्याप्त सेवा प्रदायकहरू साथै सूचना तथा जानकारी अपर्याप्तताले शहरका सार्वजनिक स्थल महिलाका लागि असुरक्षित पाईएका छन् । फौजदारी न्याय प्रणालीप्रतिको न्यून विश्वास, प्रथम अनुसन्धान प्रतिवेदन मार्फत समयमै काम अघि नबढाउने प्रबृत्ति र लैंगिक न्याय प्रदान गर्ने संयन्त्रको असंवेदनशीलता र कमजोरी जस्ता कारणले यस्तो असुरक्षालाई थप सहयोग पुऱ्याएको छ ।

शहरमा त यस्तो अवस्था पाईन्छ भने ग्रामीण भेग जहाँ महिला /पुरूष , युवा युवतीका मस्तिस्क भित्र नै परम्परागत लैङ्गिक भूमिका र जिम्मेवारीबोध अझै गाडिएर बसेको हन्छ त्यस्ता ठाँउको महिला सुरक्षा परीक्षणले तुलनात्मक रूपमा महिला र बालिकाको सुरक्षाको अवस्थालाई अझै स्पष्ट पार्न मद्दत पुऱ्याउँछ । यो सन्दर्भमा दिदी बहिनी संस्थाले युएन वुमन सँगको सहकार्यमा नेपालको ग्रामीण भेगका सार्बजनिक स्थलहरूमा महिला सुरक्षाको अवस्था बारेको जानकारी हासिल गर्न कैलाली, कंचनपुर, बाँके, बर्दिया, बारा र पर्सा जिल्लाका एक एकवटा गाँउ विकास समितिमा महिला सुरक्षा परीक्षण गरेको थियो ।

---


२१. मुलुकी ऐनको ११ औ संसोधन अर्न्तगत महिला अधिकारमा गर्भपतनलाई कानुनी मान्यता दिएको छ तर गर्भपतनको परिभाषालाई प्रहरीले अपराधको मान्नु स्पष्ट छैन ।

## महिला सुरक्षा परीक्षणका उद्देश्यहरु

- सुरक्षित स्थान प्रबन्धको मुख्य सिद्धान्तको आधारमा ६ वटा गाँउ विकास समितिका स्थान विश्लेषण गर्ने,
- छानिएका स्थानहरूमा संभावित आक्रमण, गाली बेइज्जती र हिंसाको जोखिमका सम्बन्धमा महत्वपूर्ण अध्ययन संचालन गर्ने,
- संभावित आक्रमण, गाली बेइज्जती र हिंसा रोकथाम सम्बन्धी सकारात्मक र नकारात्मक कारक तत्वहरूको पहिचान गर्ने तथा फरक स्पष्ट पार्ने,
- महिलाहरूको अधिकार रक्षा गर्ने जिम्मेवारीमा रहेका प्रहरी र अन्य सेवा प्रदायक निकायहरू सम्मको पहुँच सम्बन्धी बर्तमान अवस्थाको जानकारी लिने,
- दुर्व्यवहार र सुरक्षा अभावको अवस्थामा महिलाहरूले गर्ने प्रतिक्रियालाई निर्धारण गर्ने,
- महिला सुरक्षाका सम्बन्धमा पुरूषहरूको धारणाको विश्लेषण गर्ने,
- लैंगिक संवेदनशीलता, लैंगिक उत्तरदायी योजना निर्माण, कार्यान्वयन र अनुगमन तथा महिला सुरक्षा परीक्षण समेतको क्षेत्रमा सरकारका स्थानीय निकाय र अन्य सम्बन्धित निकायहरूको क्षमता अभिबृद्धि गर्ने,
- महिला सुरक्षा परीक्षणका अध्ययन नतिजाका सम्बन्धमा महिलाहरूका लागि सुरक्षा तथा समावेशी वातावरणको अभिबृद्धिका लागि उपायहरू सिफारिस गर्ने, र
- महिला सुरक्षा परीक्षणको अध्ययन नतिजाहरू आदान प्रदान गर्ने तथा यस अध्ययन अन्तरगत आएका सुझावहरलाई अभ्यासमा रूपान्तरणका लागि व्यापक प्रचार प्रसार गर्ने ।

## अनुसन्धान पद्धति

महिला सुरक्षा परीक्षणका लागि प्रशंसनीय खोज (appreciative inquiry) विधि अवलम्वन गरिएको थियो । यस विधिले परम्परागतरूपमा गरिने समस्या समाधानका लागि कमजोरी र असफलतालाई उजागर गर्ने तरीका भन्दा पनि उपलब्धी, सबल पक्षहरू र नवअन्वेषणलाई विशेष महत्व दिन्छ । महिलालाई सुरक्षित राख्नका लागि समुदाय र महिला स्वयंले अवलम्बन गरिरहेका असल र खराब अभ्यासहरूका बारेमा जानकारी लिई हिंसाका सम्बन्धमा बुझ्नसक्ने वातावरण प्रदान गर्न यो विधि उपयोगी मानिन्छ । यसले मुद्दाहरूलाई अवैयक्तिकरण गर्ने साथै महिला तथा बालिका विरूद्धको हिंसाका सम्बन्धमा सहभागीहरूलाई स्वेच्छिक सूचना प्रदान गर्ने अवसर दिएकाले यस विधि सहज र प्रभावकारी मानिन्छ ।




चित्र १ : फोर डी साइकलको विश्लेषण *(4D cycle analysis)*, प्रंशसनीय खोज विधि

- **नमूना (Sampling)**

सहभागीहरूको छनौट गर्न उद्देश्यमूलक नमूना विधिको (purposive sampling) प्रयोग गरिएको थियो । यस बाहेक तालिमको अवधिमा पनि सूचना तथा तथ्यहरू संकलन गरिएको थियो । प्रतिनिधिमूलक आधारमा नमुना (स्याम्पल साइज) सहभागी छनौट गर्ने कामका लागि भौगोलिक अवस्थिति, साक्षरता दर र सरोकारवालाहरूको आधारमा लिईएको थियो । प्रत्येक गाबिसको प्रत्येक बडा बाट नमुना (Sample) लिईएको थियो ।

- **लक्षित समुह छलफल (Focus Group Discussion)**

तोकिएको मुद्दामा सुचना संकलनका लागि बिभिन्न उमेर समुहका महिला र पुरूषसंग छूट्टाछूट्टै छलफल गरी अनुभव साटासाट गर्ने बिधि अपनाई लक्षित समुह छलफल गरिएको थियो । लक्षित समुहले पहिचान गरेका हिंसा र दुर्व्यवहारका जोखिम भएका उमेर समुहलाई विषयको थप गहिरो अनुसन्धानको लागि छुट्याई बिषेश अन्तरवार्ता गरिएको थियो ।

- **अर्ध संरचित अन्तरवार्ता (Semi Structured Interview)**

जोखिममा रहेका समुहसँग अर्ध संरचित अन्तरवार्ता गरिएको थियो (हिंसामा परेका वा हिंसालाई नजिकबाट अनुभव गरेका १३-२० बर्षका महिला र बालिकाहरूबाट) ।

**तालिका–१ : अनुसन्धानमा उत्तरदाताहरु**

| लिङ्ग | उमेर समुह | संख्या |
|---|---|---|
| महिला | ५१–६० | ५ |
| महिला | ४१–५० | ५ |
| महिला | ३१–४० | ५ |
| महिला | २०–३० | ५ |
| महिला | १३–२० | ५ |
| पुरूष | १३–२० | ५ |
| पुरूष सरोकारवालाहरू ( शिक्षक, नागरिक मञ्चका वडा प्रतिनिधि, प्रहरी, गाविस सचिव, स्वास्थ्य सहायक, राजनीतिक नेताहरू र सामुदायिक नेताहरू) | विभिन्न उमेर समुह | १० |
| प्रत्येक गा.वि.स. | प्रत्येक गा.वि.स. कुल सहभागि | १×९×४० = ३६० |
| ६ जिल्लाहरू | ६ जिल्ला कुल सहभागि | ३६०×६ = २१६० |

- **सुरक्षा यात्रा (Safety Walk)**

महिलाहरूले विशेषरूपमा असुरक्षित ठानेका ठाउँहरूको पहिचान गर्दै सहभागी र सहजकर्ताहरूलाई सँगै लिएर प्रत्येक गाविसमा सुरक्षा पैदलयात्रा गरिएको थियो । समुदायका सदस्यहरू स्वयंले तय गरेका निश्चित गाउँको बाटोको सामुहिक यात्रा गरेका थिए । गाउँमा गरिएको सामुहिक पैदल यात्राका क्रममा प्रत्येक असुरक्षित भनिएको स्थानमा समूह छलफलगरी सूचनाहरूको पुर्नपुष्टि गरिएको थियो । यस्तो छलफलले समुदायका अन्य मानिसहरूलाई अनुसन्धान प्रक्रियामा सहभागिता जनाउन प्रेरित गरेको र यस सम्बन्धि चेतना अभिबृद्धिमा पनि सहयोग पुऱ्याएको

थियो । प्रत्येक गाँउ विकास समितिमा १०० जनाका दरले कुल ६०० जनाले सुरक्षा पैदल यात्रामा सहभागिता जनाएका थिए ।




» बारा जिल्लाको प्रस्तोका गाविसमा आयोजित सुरक्षा यात्रा ।

महिला सुरक्षा परीक्षणका लागि स्थानीयस्तरको सामाजिक स्थिति र सेवा प्रवाह स्थिति आंकलनका गर्न नक्साङ्कन, भेन डायग्राम विधिको प्रयोग, अध्ययनस्थल (सुरक्षा यात्रा) अर्ध संरक्षित अन्तरवार्ता, ऐतिहासिक समय रेखा आदि मा सहभागितात्मक ग्रामीण लेखाजोखा (PRA) विधिको प्रयोग गरिएको थियो ।

सहभागितात्मक विधिको प्रयोगले प्रक्रियामा सरोकारवालाहरूको सहभागिता मात्र नभई सवैलाई समुदायका मुद्दाहरूलाई प्रतिविम्बित, उत्खनन्, पहिचान र सम्बोधन गर्न सहजता प्रदान गर्दछ । त्यसैले यो एउटा समावेशी, सूचनामुलक, सशक्तिकरण गर्ने प्रक्रिया हो जसले विकासका सवै प्रयासमा सामुहिक सहभागिता, विश्लेषण र अपनत्वलाई प्रबर्धन गर्दछ ।

- **नक्साङ्कन (Mapping)**


महिला र बालिका सुरक्षाको दृष्टिकोणबाट स्थानीय स्तरमा रहेका सामाजिक–सांस्कृतिक बनावट, भौतिक पुर्वाधार बसोवास, स्रोत र उपलब्ध सेवाहरूको सामुहिक पहिचानका लागि नक्साङ्कनबिधिको प्रयोग गरिएको थियो ।

नक्साङ्कन बिधिबाट निम्न सुचनाहरू बाहिर ल्याईएको थियो ।



» दैजी गा.वि.स., कञ्चनपुर जिल्लामा रहेको सुरक्षित र असुरक्षित स्थलहरू नक्साङ्कन गर्दै समुदाय

- भौतिक र सांस्कृतिक पूर्वाधारहरू (घर, पुल, मन्दिर, मस्जिद, वत्तिका खम्वा, बजार, सडक, सार्वजनिक सवारी साधन, विद्यालय, खेल मैदान, स्वास्थ्य चौकी, प्रहरी चौकी, चरण क्षेत्र आदि)
- बसोवासका सामाजिक सांस्कृतिक बनावट
- उपलब्ध प्राकृतिक स्रोतहरू (जंगल, पानी जमीन आदि)
- उपलब्ध सेवाहरू (गा.वि.स. कार्यालय, स्वास्थ्य सेवा, प्रहरी सेवा, सिचाई, बजार, खानेपानी, शौचालय आदि)
- गाउँका सुरक्षित र असुरक्षित स्थान र क्षेत्रहरू
- हिंसाका घटनाहरू




» तालिमका सहभागीद्वारा वडाको नक्सामा रहेको सुरक्षित र असुरक्षित स्थलहरूका बारेमा छलफल गर्दै, वनकतुवा गा.वि.स., बाँके जिल्ला

यस अध्ययनका लागि छानिएका सवै गा.वि.स.मा अनुसन्धानकर्ताले सबै सरोकारवालाहरूलाई समेटीनेगरी गाबिसका प्रत्येक बडामा नक्सा□न अभ्यास गरी अन्तिममा गाबिस स्तरीय एउटा सामुहिक नक्सा तयार पारिएको थियो ।

- **सरोकारवालाका नक्साङ्कन (Venn Diagram/Stakeholder Mapping)**

समुदायमा विद्यमान सरोकारवालाहरूको अस्तित्व, भूमिका र सेवा प्रवाहको गत्यात्मकताको विश्लेषणमा यो विधि प्रयोग गरिएको थियो । यो अभ्यास समुहद्धारा नै गरिएकोले सबैले सामुहिक रूपमा स्वामित्व लिनुका साथै एकमतले स्वीकारेका थिए ।




चित्र २ : सहभागीद्वारा महिला सुरक्षासम्बन्धी सरोकारवालाहरूको पहिचानसम्बन्धी भेन डायग्राम (Venn Diagram) प्रस्तुति

स्थानीयस्तरमा उपलब्ध सेवाहरू, आधारभुत सेवा प्रवाहको स्थिति, भौतिक पूर्वाधार र सुरक्षा स्थितिका सम्बन्धमा सूचना तथा जानकारी संकलन गर्न सोही बमोजिमका प्रश्नावली तयार गरी कार्यान्वयन गरिएको थियो ।

**तथ्याङ्कको त्रिकोणात्मक जाँच:** बिभिन्न सेवाप्रदायकहरू जस्तै स्वास्थ्य चौकी, गा बि स, प्रहरी र हुलाक संग बैठक बसी अध्ययन बाट प्राप्त सूचना र समुदायले बनाएको नक्साको नतिजालाई आदान प्रदान र प्रमाणिकरण गरी तथ्या□को त्रिकोणात्मक जाँच गरीएको थियो ।

**तालिम** : महिला सुरक्षा परिक्षण प्रकृयाको एउटा बिशेष महत्वपुर्ण पक्ष अनुसन्धानकर्ताहरूको तालिम थियो । सो तालिम कार्यमुलक, अनुसन्धान र सहभागिमुलक तालिममा लामो समयदेखि कार्यरत, अनुभवी र दक्ष प्रशिक्षकहरूद्धारा ग्रामीण स्तरका सहभागिहरूलाई रमाइलो, गहिरो र रचनात्मक ढंगले सम्पादन गरिएको थियो ।



» सहभागीहरू तालिमको सिलसिलामा भाग लिंदै, प्रस्तोका गाविस, बारा जिल्ला

महिला अधिकारका सम्बन्धमा महिला विरूद्ध हुने सवै प्रकारका भेदभाव विरूद्धको महासन्धी, बेइजिगं कार्य योजना, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषद प्रस्ताव १३२५ र १८२० आदि अन्तराष्ट्रिय संयन्त्र र निजी जीवनमा महिला विरूद्धको हिंसाका सम्बन्धमा भएका राष्ट्रिय कानुनी व्यवस्थाबारे संक्षिप्त जानकारी गराईएको थियो । महिला सुरक्षा परीक्षण र महिला तथा बालिकाहरू विरूद्धको हिंसा रोकथाम गर्न महिला सुरक्षा परीक्षणको प्रभावकारिताका सम्बन्धमा परिचायत्मक सत्रको आयो जना गरिएको थियो ।

त्यसपछि समूह कार्यका लागि सहभागीहरूलाई चारवटा समूहमा वर्गीकृत गरी उनीहरूलाई आफ्ना गाउँमा महिला सुरक्षालाई कसरी सुनिश्चित गर्ने भन्ने विषयमा प्रस्तुति गर्न लगाइयो । सबै सहभागीहरूको प्रस्तुतिपछि सहजकर्ताले सुरक्षित गाउँको अवधारणाका बारेमा संक्षिप्त जानकारी दिए । 'शान्ति र सुरक्षा योजना'



» तालिममा सहभागीद्धारा गाविस सुरक्षा कार्ययोजना प्रस्तुत गर्दै, श्रीसिया गाविस, पर्सा जिल्ला

शीर्षकमा दिदीबहिनी द्धारो प्रस्तुतिका माध्यमबाट सुरक्षित गाँउ निर्माणका सम्बन्धमा सहजीकरण गरियो । निष्कर्षमा छलफलबाट गाउँको सुरक्षा योजना विकास गर्न सहयोग पुगेको थियो । त्यसपछि प्रत्येक गाउँ विकास समितिका ९ वटै वडाका बासिन्दाको प्रतिनिधित्व हुनेगरी एउटा एउटा कार्यसमिति गठनगरी समितिहरूलाई वित्तिय सहयोग सहित सुरक्षा योजना कार्यान्वयनको जिम्मा दिइएको थियो ।

कार्यक्रमको उद्देश्य, दिगोपना र संवेदनशीलतालाई ध्यानमा राखी तालिमका सहभागीहरू स्थानीयस्तरबाट लिइएको थियो । विभिन्न वडाका नागरिक वडा मञ्चसँग आवद्ध भएका पुरूष, महिला, युवा तथा युवतीहरू यसमा छानिएका थिए । जसमा सामाजिक परिचालक, विद्यालय, क्याम्पस तथा कानूनी सहायता समितिका सदस्यहरूलाई पनि सहभागी गराइएको थियो ।

तालिम कार्यक्रमले गाउँको सुरक्षा अवस्था सम्बन्धमा रहेका धारणा भत्काउन र नयाँ दृष्टिकोणले हेर्न सहयोग पुऱ्यायो । अनुसन्धान, छलफल एवं स्थलगत अध्ययनबाट आफ्नो गाउँ वरिपरिका महिलाका लागि सुरक्षित ठानिएका सार्वजनिक स्थलहरू महिला सुरक्षाका दृष्टिले जोखिमपूर्ण हुँदा रहेछन् भन्ने कुरा धेरै सहभागीहरूले प्रत्यक्षरूपमा अनुभव गरे ।

सच्चा पुरुषले महिला हिंसा गर्दैनन् ।

अध्याय ४

# अनुसन्धान नतिजा

## समुदायको सुरक्षा अवधारणा

समुदायले परिभाषितगरे अनुसार हिंसा भनेको यौन दुर्व्यवहार, बलात्कार, अपशव्दको प्रयोग मात्र नभई महिलामा रहेको गरिबी, आर्थिक परनिर्भरता साथै सदृश्य र शारीरिक दुर्व्यबहार पनि हुन् । समाजमा महिलाहरू पुरूषको अधिनिस्थ रहनु पर्ने स्थितिले पनि उनीहरू विभिन्न प्रकारका भेदभावको सिकार हुनु परेका छन् । महिलाहरूको सम्मान हुने र उनीहरूको कुराको कदर गरिने र सुनिने स्थिति भएको अवस्था नै महिला र पुरूषबीच समानता र महिला सुरक्षित हुने अवस्था हो । समुदायका अनुसार महिला सुरक्षा भनेको महिलाहरूको सम्मान र अधिकारको संरक्षण, विभिन्न प्रकारका हिंसाबाट मुक्ति, कुनै डर त्रास विना एक्लै हिँडडुल गर्न सक्ने अवस्था तथा आर्थिक परनिर्भरता नहुने अवस्था हो ।

## असुरक्षित स्थलहरु


करिब ७८ प्रतिशत बालिका उत्तरदाताका अनुसार उनीहरूका लागि गाउँमा कतै पनि सुरक्षित ठाउँ छैन र उनीहरू घर छाडेर बाहिर निस्कँदा सधै असुरक्षित

महसुस गर्दछन् । अझ डरलाग्दो कुरा त के छ भने ५८ प्रतिशत महिला तथा बालिका उत्तरदाताहरूले आफ्नै घरमा समेत असुरक्षित महसुस गरेको बताएका थिए । अर्कोतर्फ ९० प्रतिशत पुरूष तथा युवाहरूले जुनसुकै ठाउँमा पनि सुरक्षित रहेको बताएका थिए भने १० प्रतिशत पुरूष तथा युवाहरूले आफूहरू असुरक्षित रहेको स्वीकार गरेका थिए ।

महिला तथा बालिकाहरूले गाउँका पुल, झाडी र बाँसघारी, मन्दिर, खेलमैदान, रक्सी पसल, बजार, बस बिसौनि, दोबाटो, खेतबारी तथा सुनसानपूर्ण ठाउँहरू असुरक्षित स्थानका रूपमा पहिचान गरेका थिए । धेरै जसोले गाउँ विकास समिति, स्वास्थ्य चौकी र विद्यालयहरू समेत असुरक्षित स्थलका रूपमा पहिचान गरिएका थिए ।

## महिलाहरुले असुरक्षित महसुस गर्नुको कारणहरु

हिंसा तथा दुर्व्यवहार भोगेको, देखेको  तथा सुनेर थाहा पाएका स्थलहरूलाई महिलाहरूले असुरक्षित स्थलका रूपमा लिएका थिए । अध्ययन गरिएका सबै गाउँ विकास समितिका महिलाहरूले हिंसाको स्थितिमा तत्काल सहयोग पाउन नसक्ने एकान्त तथा सुनसान र झाडी भएका ठाउँहरू बढि असुरक्षित भएको बताएका थिए । सेनाका उपस्थितिका कारण बन जंगलमा अझ बढि असुरक्षित मानेका थिए । उनीहरूले धेरैजसो पुरूषहरू तथा जँड्याहा, जुवाडे र लागुऔषध दुर्व्यसनीहरूको बाक्लो उपस्थिति हुने मन्दिर, गाँउ विकास समिति कार्यालय र स्वास्थ्य चौकीहरूमा पनि असुरक्षित भनेका थिए । कतिपय विद्यालय परिसर बाहिर आवारा केटाहरू बस्ने र उनीहरूले विद्यालय ओहोर दोहोर गर्ने बालिकाहरूलाई जिस्काउने, कक्षा कोठामा पनि बाहिरबाट ढुंगाले हान्ने हुनाले त्यस्ता विद्यालयहरू पनि असुरक्षित मानिएका थिए । कतिपय विद्यालयमा विद्यालयका छात्रहरूले विद्यालय हाताभित्रै बालिकाहरूलाई जिस्काएर हैरान पार्ने गरेको पनि बताएका थिए । उत्तरदाताहरू मध्ये ११ प्रतिशत आफैँ हिंसाको प्रत्यक्ष शिकार बनिसकेको, ३८ प्रतिशतले हिंसाका घटनाहरूबारे सुनेका, ११ प्रतिशतले हिंसाको संभावनाबाट असुरक्षित महसुस गरेका थिए र ४० प्रतिशतले उत्श्रृंखल समूहबाट हुनसक्ने असुरक्षाबाट त्रसित थिए ।




चित्र ४: महिलाहरुले असुरक्षित महसुस गर्नुका कारणहरु

## समूह निष्ठामा: साथी संगति संस्कृतिले थोपरेको व्यवहार

बालिकाहरू बारम्बार युवा(केटा)हरूको समूहबाट दुर्व्यवहारमा पर्ने गरेको महिला सुरक्षा परीक्षणले इंगित गरेको छ । त्यस्ता समूहमा रहने युवाहरूको महिला र बालिका र उनीहरूप्रति गरिनु पर्ने व्यवहारका सम्बन्धमा साझा मान्यता र धारणा विकास गराईएको हुन्छ । उनीहरूको दृष्टिकोणमा महिलाहरू कमजोर, सहनशील र नियन्यत्रण योग्य हुन्छन् । बालिकाहरूलाई जिस्काएर र हैरान बनाएर युवाहरू आफ्नो समूहमा मैले पौरख गरेको छु भन्ने देखाउन चाहन्छन् । बालिकाहरूलाई जिस्काउँदा वा उनीहरूप्रति आक्रामक बन्दा साथीहरूमाझ आफ्नो बाहुबल (मर्दाङ्गी) बढ्छ भन्ने दृष्टिकोणबाट युवाहरू प्रभावित भएका हुन्छन् ।

यदि उस्ताउस्तै सोच भएका साथी, संगतीबीच स्थापित मूल्य मान्यताका आधारमा महिलाहरूलाई लज्जित गर्ने संस्कृति थोपरी व्यापक बनाउन सकिन्छ भने त्यही समूहमा समतामूलक संस्कृतिको मूल्य मान्यताहरूलाई फैलाएर तथा स्थापित सामाजिक रूपान्तरणमा भूमिका खेल्नका लागि प्रोत्साहन गर्न सकिन्छ । यसले महिलालाई सम्मान गर्ने व्यक्तिको ईज्जत गर्ने, महिलामाथि विभेदपूर्ण व्यवहार गर्नेहरूलाई अपराधीको दृष्टिले हेर्ने र समतामूलक व्यवहारका मूल्य मान्यतालाई अंगिकार गर्नेहरूलाई इज्जत गर्ने संस्कृतिको विकास हुनेछ । उस्तै सोचाइ भएको

समूहको सोचाई तथा मूल्य मान्यतामा रूपान्तरण गर्न समूहभित्र महिला वा बालिकाहरू लक्षित आफ्नो वा अरूको समूहमा कसैले यौनजनित ठट्टा गरिरहेको छ भने विरोध गर्ने र रोक्ने तर्फ कदम चाल्ने प्रयासको पनि शुरूवात हुन थाल्नेछ ।

**प्रश्नः उस्ताउस्तै सोचाइ भएको साथी संगतिमा स्वीकार गरिएको भेदभावपूर्ण संस्कृतिलाई चुनौती दिन हामी किन डराउछौ ? के उश्रृंखल सामाजिक समूहमा आवद्ध हुने कुरा निषपक्ष र सच्चा हुने कुरा भन्दा साँच्चिकै महत्वपूर्ण हो त ?**

### घटना अध्ययन - १

**कंचनपुरको दैजी गाविसकी एकजना शिक्षकका अनुसार बालिकाहरुलाइ विद्यालयमा जिस्काउने गरे को कारणले बालिकाहरु विद्यालय जान छाडेका छन् ।**

**गाविस कार्यालयको पछाडिपट्टि रहेको खाली ठाउँमा एक जना महिलामाथि दिउँसै बलात्कारको प्रयासको घटना भएको थियो भन्ने कुराको अनुभव कैलाली जिल्लाको बेलोदेबीपुर गाविसकी अन्जनाले सुनाइन् । ती महिला संयोगबस उम्कन सफल भएकी थिइन् । गाविस कार्यालयमा थुप्रै मानिसहरु सरकारी कामकाजका लागि ओहोर दोहोर गर्ने हुनाले यस्ता ठाउँलाई सुरक्षित स्थलका रुपमा हेरिने गरिन्छ । तर त्यो घटनापछि महिलाहरुले गाउँ विकास समिति भवन परिसर समेत सुरक्षिति नभएको महसुस गरेका छन् ।**

**पर्सा जिल्लाको सिर्सिया गाविसकी विजयाका अनुसार स्वास्थ्य चौकी आसपासको क्षेत्र जहिले पनि जुवाडेहरुले भरिने गरेको हुनाले उनी र अन्य महिलाहरुलाई सो स्वास्थ्य चौकीको क्षेत्रमा जान असहज र असुविधाजनक महसुस हुने गरेको बताइन् ।**

**कंचनपुर जिल्लाको दैजी गाविसकी सत्यदेबीले सामुदायिक बन क्षेत्रमा भन्दा आफूले संरक्षित बन क्षेत्रमा बढी असुरक्षित महसुस गरेको अनुभव सुनाइन् ।**

## असुरक्षित समय

करिब ७० प्रतिशत बालिका उत्तरदाताले विहान सबेरै र साँझको समय असुरक्षित भएको अनुभव गरेका थिए । बालिकाहरूलाई विहानको समयमा विद्यालय तथा क्याम्पस जाने क्रममा जिस्काउने, अपशब्द बोल्ने, बाटो छेक्ने जस्ता क्रियाकलाप गरी दुर्व्यबहार गरिन्छ । तरकारी बेच्न बजार जाने महिलाहरूले पनि यस्तै खालका समस्याको सामना गर्ने गरेका छन् । युवा(केटा) उत्तरदाताहरूले भने कहिल्यै पनि विहानको समयलाई असुरक्षित नठानेको बताए । करिब ९० प्रतिशत महिलाले अपरान्ह ५ बजेपछि असुरक्षित महसुस गर्ने गरेको बताए । उनीहरूले यात्राका क्रममा आफूहरूले जँड्याहा र लफंगाहरूलाई भेट्ने गरेको बताए । यसरी नै ६७

प्रतिशत पुरूष उत्तरदाताले साँझ ५ बजेपछि लुटिने डरका कारण असुरक्षा महसुस गरेको बताए ।

सार्वजनिक स्थलहरूमा महिलाका लागि सुरक्षा वा असुरक्षा हुने भन्ने विषय मौसममा पनि भरपर्ने गरेको पाइयो । सामान्यतया गाँउहरूमा मानिसहरू साँझ ७ बजेसम्ममा घर फर्किसक्छन् र उक्त समय पछि हतपत घर बाहिर पनि जादैनन् । जाडो र गर्मी दुबै मौसममा विहान सबेरै  र साँझ महिला तथा बालिकाका लागि असुरक्षित समय मानिएको छ । तर गर्मी याममा दिउँसो मध्यान्नमा पनि नियमित हिँडडुल गर्ने मानिसहरू धेरै नहुने भएकाले कार्यस्थलमा जाँदा मध्य दिनको समयमा पनि महिला र बालिकाहरूले असुरक्षित अनुभव गरेका छन् ।

असुरक्षित ठानिएको समयलाई तल चित्रमा उध्रित गरिएको छ ।




चित्र ५: गर्मीको मौसममा असुरक्षित ठानिएको समय

चित्र ६: जाडोको मौसममा असुरक्षित ठानिएको समय

## घटना अध्ययन - २

कैलाली जिल्लाका बेलोदेबीपुर गाविसकी रिमाले यौन दुर्व्यवहार सम्बन्धी आफ्ना अनुभव यसरी प्रस्तुत गरेकी छिन् : "विहान विद्यालय जाने बेलामा बाटोमा हामीलाई केटाहरुको समूहले जिस्काउँछन् । कहिले काँही उनीहरुले हाम्रो बाटो छेक्ने र हाम्रो साइकल पनि रोक्छन् ।"

बेलोदेबीपुर गाविस कै मिलनका अनुसार विहान सबेरै बजारमा तरकारी बेच्न जाने महिलाहरुले पनि दुर्व्यवहार गर्ने तथा हैरानी गर्ने विभिन्न प्रकारका मानिसहरुसँगको सामना गर्ने गरेका छन् ।

कंचनपुर दैजी गाविसकी मिनाले जिस्काइमा पर्दाको आफ्नो अनुभव सुनाउँदै यसो भन्छिन् : "करिब अपरान्हको साढे पाँच बजेको थियो, जब म घर फर्किदै थिए, पुल तर्न खोज्दा केटाहरुले मलाई देख्ने वित्तिकै सिठी बजाउन थालेकाले असुरक्षाका कारण मैले पुल तर्न सकिन र महिलाको समूह त्यहाँ नआएसम्म पुल नतरीकन पर्खेर बसें । उनीहरु आएपछि सँगै पुल तरें ।"

कैलाली जिल्लाका बेलोदेबीपुर गाविसकी रितुका अनुभवमा गर्मी याममा अर्ध नग्न पुरुषहरु भेटिन्छन र उनीहरुले महिलाप्रति अश्लिल दृष्टिकोण राखेर विभिन्न संकेतहरु गर्ने हुनाले घर बाहिर हिंडडुल गर्न कठिन हुन्छ ।

## महिलाहरुका लागि उपलब्ध भएका र पहुँच पुगेका सुविधा, सार्वजनिक सेवा, कानुन, नीति र कार्यक्रमहरुको बारेमा चेतनाको स्तर

३३ प्रतिशत महिलाहरूलाई गाँउमा उपलब्ध केही सेवा सुविधाका सम्बन्धमा जानकारी रहेको पाईयो भने अधिकांश पुरूषहरू यस सम्बन्धमा जानकार पाईयो । विभिन्न सेवा प्रदायकरूबाट सुविधा प्राप्त गर्ने क्रमामा ९२ प्रतिशत महिलाहरूले भेदभाव भोगेको अनुभुति गरेका छन् । ९० प्रतिशत भन्दा बढी उत्तरदाताहरूले युवतीहरूको सुन्दरता र आकर्षणले सेवा प्रदायक आर्कषितभई प्राथमिकता पाउने गरेको बताएका थिए । ७८ प्रतिशत महिलाहरूले आफूहरू सेवा प्रदायक समक्ष जाँदा पुरूषहरूलाई भन्दा बढी समयसम्म कुराउने गरेको बताए । पुरूषहरूले भने त्यही सेवा सुविधा महिलाले भन्दा छिटो छरितो प्राप्त गर्ने गरेको उनीहरूको भनाइ छ ।

महिलाहरूलाई वर्ग र जातीका आधारमा समेत विभेद गरिने गरेको पाईयो । ग्रामीण क्षेत्रमा जातमा आधारित छुवाछूत प्रथाको गहिरो प्रभाव रहेको पाईयो । तालिमको समयमा पनि दलित समुदायका मानिसले छोएको वा पकाएको खानेकुरा तालिममा सहभागी कतिपयले नखाएको पाईएको थियो । जातीय आधारमा हुने भेदभाव तथा छुवाछुत विरूद्धको कडा कानुन भएपनि छुवाछूत जस्ता भेदभावपूर्ण व्यवहार हट्न

सकेका छैनन् । जातीय छुवाछूत तथा भेदभाव विरूद्धको ऐन,२०११ ले दलितमाथि हुने यस्ता व्यवहारलाई पूर्ण रूपमा निषेध गर्दै छुवाछूतलाई निजी र सार्वजनिक दुबै स्तरमा प्रतिबन्धित गरेको छ । यो कानूनले दोषीमाथि कडा कार्वाहीका साथै पीडितलाई क्षतिपूर्ति भराउने व्यवस्था समेत गरेको छ । प्राय सबै महिला उत्तरदाताहरूलाई उनीहरू विरूद्धको हिंसा सम्बन्धमा रहेका नीति तथा कानुनहरूको बारेमा जानकारी नै थिएन ।

## घटना अध्ययन - ३

कैलालीको बेलोदेबीपुर गाविसकी नितु भन्छिन् – "मेरो गाउँमा स्वास्थ्य चौकी ठ्याक्कै कहाँ छ भन्ने कुरा मलाई थाहा छैन ।"

बर्दियाकी सानोश्री गाविसकी विना भन्छिन्: "युवतीहरु सार्वजनिक सेवा प्राप्त गर्न आउँदा सेवा प्रदायक कार्यालयका अधिकारीहरुले युवतीहरुलाई दिने विशेष महत्व अरुका लागि निष्पक्ष भएन ।"

कंचनपुर दैजी गाविसकी सृजनाले जातीय आधारमा भएको भेदभावको घटनाका बारेमा यसरी बताएकी छन्:– "सामुदायिक वनबाट काठ दाउरा लिनका लागि बाहुन महिला भन्दा म पहिला आएको थिएँ तर मैले भन्दा उनले पहिला काठ दाउरा पाईन् । "

महिलामाथि सरकारी निकाय र सुरक्षा बलबाट भएका हिंसाका घटनाहरूले सुरक्षाकर्मीहरू प्रति डर सृजना गरेको छ ।

## घटना अध्ययन - ४

कंचनपुरको दैजी गाविसकी रामकुमारी भन्छिन् :– संरक्षित जंगलमा सेनाको उपस्थिति हुने भएकाले सोको छेउबाट आवतजावत गर्न कठिन हुने गर्दछ ।

बर्दिया जिल्लाको सानोश्री गाविस मा र पर्सा जिल्लाको सिर्सिया गाविस मा सशस्त्र प्रहरीबलबाट बलत्कार का घटना भएका छन् । यसले सेना प्रहरीसँगको डरलाई अझ बढाएको छ ।


## गालीको संस्कृति

नेपालका भाषाहरूमा महिलाहरूको यौनिकताका सम्बन्धमा प्रयोग गरिने भद्दा तथा टर्रा शब्दहरूले महिला विरूद्ध हुने लिंङ्गीय भेदभावको विभिन्न पक्षहरूलाइ इंगित गर्दछ । यसले यौनजन्य रूपमा दमन गर्ने संयन्त्रका रूपमा स्थापित भएको गाली गर्ने संस्कृतिले लैंगिक आधारमा हुने दमनको दायरा कति सम्म फैलिएको छ भन्ने देखाउँछ । अध्ययन गरिएका सबै गाँउ विकास समितिहरूमा महिलाहरूप्रति रिसाएर वा आवेगपूर्ण फोहर गाली गर्ने कुरालाइ पुरूषहरूले सामान्यरूपमा लिएको पाइयो । थुप्रै महिलाहरूको बिचार अनुसार पुरूषहरूले महिलाप्रति प्रयोगगर्ने बोलिवचनमा थोरै मात्र परिवर्तन गरे पनि लैंगिक भेदभाव विरूद्धको रूपान्तरणमा धेरै महत्वपूर्ण प्रभाव पार्न सकिन्छ ।

**प्रश्न: तपाईले दैनिक व्यवहारमा सुन्नु भएका फोहर गाली र टर्रा शब्दहरुको बारेमा विचार गर्नुस् । लैंङ्गिक विभेद जस्ता सामाजिक यथार्थहरुसँग ती शब्दहरुको के सम्बन्ध छ ? के हामीले ठानेभ्कै ती शव्दहरु साँच्चै हानीविहीन छन् त ?**

## महिला सुरक्षा र हिंसा सम्बन्धमा पुरुषहरुको धारणा र तर्क

७९.९९ प्रतिशत पुरूषहरू दृष्टिकोणमा महिला र पुरूष दुबैका लागि गाँउ सुरक्षित छ भने २०.११ प्रतिशत पुरूषहरूले गाँउमा महिलाहरूका लागि असुरक्षा हुने केही ठाउँहरू छन भनेका थिए । ५५.५ प्रतिशत पुरूष उत्तरदाताहरूले महिला तथा बालिका विरूद्धका हिंसा हुनुमा पितृसत्तात्मक समाज जिम्मेवार रहेको बताए । अन्य कारक तत्वहरूका रूपमा समाजमा महिलालाई पुरूष अधिनिस्थ राखिने, महिलाहरूको आर्थिक पक्षमा पुरूष निर्भरता र कमजोर कानुन कार्यान्वयनलाई भेदभावपूर्ण व्यवहारको कारण बताए । ४५.५ प्रतिशत पुरूषहरूले हिंसा फैलिनुमा महिलालाईनै दोष दिए । समाजका जिम्मेवार मानिने शिक्षित व्यक्तिहरू जस्तै शिक्षक, गाउँ विकास समितिका अधिकारी तथा प्रहरीहरूले हिंसा हुनुमा महिलाको लुगा लगाउने शैली, उनीहरूले यात्रा गर्ने ठाउँहरू अथवा उनीहरूले भेट गरे का व्यक्तिहरू सम्बन्धमा टिप्पणी गर्दै महिला सुरक्षा र उनीहरू विरूद्धको हिंसामा दोषीतर्फ भन्दा पीडितहरूको व्यवहारलाई जिम्मेवार ठानेका छन् ।




चित्र ७: महिला सुरक्षा र हिंसा सम्बन्धमा पुरुषहरुको धारणा र तर्क

**घटना अध्ययन - ५**

कंचनपुर जिल्लाको दैजी गाविसका एक जना शिक्षकका अनुसार "यौन दुर्व्यवहार हुनुको कारणमध्ये एउटा कारण महिलाले लगाउने पहिरन हो । हिजोआज केटीहरु छोटा छोटा लुगा लगाउाछन् जसले गर्दा विभिन्न प्रकारका दुर्व्यवहारहरु हुने गरेका छन् ।"

बर्दिया जिल्लाको सानोश्री गाविसका एक जना प्रहरीले एउटा बलात्कारको घटना ती पीडितले लगाएको भड्किलो कपडाकै कारण भएको बताए ।

## संचार र अश्लिलता

सार्वजनिक स्थलहरूमा महिलाहरू विरूद्ध हुने हैरानी तथा दुर्व्यवहार सामान्यतया भित्री मनमा बसेको यौन इच्छाका कारण भएको हुन्छ । महिला सम्बन्धी पक्षपातपूर्ण र उनीहरूलाई उपभोगको वस्तुका रूपमा बुझ्ने धारणाका स्रोतको बारे सोच्न आवश्यक छ । मोबाइल फोन र साइबर क्याफेहरूमा सहज पहुँच भएका कारणले गाउँघरका युवकहरूमा पनि महिलाका अश्लिल तस्बीरहरू पुगेका छन् । त्यस्ता तस्बीरहरू हेरेर युवकहरूले महिलाहरूलाई उपभोगको वस्तुको रूपमा शोषण गर्ने तथा नियन्त्रण जमाउने कार्यका लागि यौनलाई हतियारका रूपमा प्रयोग गर्ने कुराको कल्पना गर्दछन् ।

**प्रश्न: युवक युवती र विशेषगरी किशोरहरुमा यौन सम्बन्धी स्वस्थ विचार कसरी फैलाउन सकिन्छ ?**

## प्रहरी र अन्य सेवा प्रदायकहरुसम्म महिलाहरुको पहुँचको वर्तमान अभ्यास

९७.८९ प्रतिशत महिला उत्तरदाताहरूका बुझाईमा सामान्यतया उनीहरूको समस्याको सुनुवाई नै नहुने वा समस्यालाई वास्ता नै गरिदैन । सुरक्षाकर्मीहरूले महिलाका गुनासाहरूको सम्बोधन गर्दैनन् भन्ने अनुभवको कारण ५ प्रतिशत महिला उत्तरदाताले मात्रै उनीहरूलाई कुनै दुर्व्यवहार भएको घटनाका बारेमा प्रहरी समक्ष गुनासो गर्न जाने गरेको जानकारी दिए । २० प्रतिशत महिलाहरूले घरपरिवारका सदस्य र साथीहरूसँग सहयोग माग्ने गरेको बताए । अरू उत्तरदाताहरूले दुर्व्यवहार गर्ने व्यक्तिको प्रतिरोध आफैंले गर्ने गरेको जानकारी दिए ।

न्याय सम्पादनको क्रममा प्रहरीले घटनाका आरोपितलाई न्यायिक प्रक्रियामा ल्याउनु भन्दा पनि सम्बन्धित पक्षहरूबीच मेलमिलाप गराउने प्रयास गर्छन् । महिलाहरूलाई मुद्दाको व्यवस्थापन गर्न तथा कुनै सम्झौतामा सहमत हुनका लागि दवाव दिईन्छ । बलात्कारका घटनाले पीडित स्वयंको चरित्रमा दाग लाग्ने र त्यसले परिवारको प्रतिष्ठा गिराउँने दृष्टिकोण अगाडी सारेर मुद्दाहरूलाई छिटो ढाकछोप गर्न लगाउन दबाव दिने वा बाध्य पार्ने कारणले गर्दा बलात्कारका कैयौं घटनाहरूका बारेमा महिलाहरू जानकारी नै दिदैन् ।

अनुसन्धान गरिएको ६ वटा गाविसहरूमध्ये कंचनपुर जिल्लाको दैजी, बाँके जिल्लाको बनकटावामा प्रहरी चौकी नै छैनन् । अन्य गाँउ विकास समितिमा प्रहरी चौकीमा संचालनका लागि मानवीय र आर्थिक स्रोतको अभाव रहेको छ । घटनाका बारेमा उजुरी वा जानकारी गराएपछि पनि प्रहरीहरू न त समयमा घटनास्थल पुग्छन् नत रात्रीगस्ती नै गर्छन् ।

विभिन्न ठाउँहरूमा सेवा लिन पंक्तिबद्धभै पालो कुर्नु पर्ने अवस्थामा भिन्न भिन्नै लाईन नभएकाले महिलाहरूमाथि दुर्व्यवहार तथा हैरानी हुने गरेकोछ ।

स्वास्थ्य सेवासँग सम्बन्धित सरकारी नीतिले गोपनियताको हक तथा किशोर किशोरी मैत्री स्वास्थ्य सेवालाई जोड दिएको भए पनि स्वास्थ्य चौकीहरूमा यस्का लागि पूर्वाधारहरूको अभाव रहेको छ । महिला र पुरूषका लागि अलग परीक्षण कोठाको अभाव छ । दैनिक एउटै कोठामा एक सय देखि दुई सय सम्म विरामीको स्वास्थ्य परीक्षण गरिन्छ । स्त्री रोगबाट पीडित महिलाहरूका लागि यो अवस्था असहजपूर्ण हो ।

स्वास्थ्य चौकीका अधिकांस स्वास्थ्यकर्मी पुरूष रहेका छन् । जसले गर्दा महिलाहरूले आफ्ना अप्ठ्यारा र पीडालाई पूर्णत व्यक्त गर्न सक्दैनन् । विशेषगरी यौन

सम्पर्कको माध्यमबाट सर्ने रोग तथा संवेदनशील एवम गोप्य अंगहरूको स्वास्थ्य अवस्थाका बारेमा महिला विरामीहरूले पुरूष स्वास्थ्यकर्मीहरूलाई बताउन असहज मान्ने गर्दछन् ।

अध्ययन गरिएको एउटा गाँउ विकास समितिका स्वास्थ्यकर्मीका अनुसार महिलाहरूमा घरायसी बन्देज र कामको बोझको कारण स्वास्थ्य उपचार खोज्ने स्वभाव हुँदैन । उनीहरू सामान्यतया गम्भीररूपमा विमारी भएपछि मात्रै उपचार खोज्ने गर्दछन् ।

स्वास्थ्य चौकीहरूले रोगको प्राथमिक उपचार सेवा मात्रै प्रदान गर्दछन् । त्यसपछिका उपचारका लागि स्वास्थ्य चौकीहरूमा सेवा छैन । स्वास्थ्य चौकीहरूलाई राम्रोसँग स्रोत सम्पन्न गराइएको छैन र औषधिहरू पनि प्राय गरेर सकिएको अवस्था हुने गर्छ । प्रसुति सेवाको सन्दर्भमा स्वास्थ्य चौकीहरूमा एउटा मात्रै शैयाको व्यवस्था छ र धेरै रक्तश्राव भएको अवस्थामा त्यसलाई नियन्त्रण गर्ने उपकरण र औषधिनै स्वास्थ्य चौकीहरूमा हुँदैन । कहिलेकाँही स्वास्थ्य चौकीहरूमा एकै पटक ६–७ जना महिला प्रसूती सेवा लिन आउने अवस्थामा सेवाको गुणस्तरमा प्रभावित हुने गरेको छ । त्यस्तो अवस्थालाई सम्बोधन गर्न स्वास्थ्य चौकीहरूमा जनशक्तिको पनि अभाव रहेको पाइन्छ ।

## घटना अध्ययन - ६

बाँके जिल्लाको बनकटवा गाविसकी बलात्कृत रिमाको परिवारको इज्जत जोगाउनका लागि घटनालाई प्रहरीमा उजुर गरिएन । रिमाको परिवारले सहयोगको लागि अन्य निकायमा पनि जान चाहेन । पछि रिमाले आत्महत्या गरिन् ।

कंचनपुर जिल्लाको दैजी गाविसकी सीमा यस्तो दुखेसो पोख्छिन कि उनलाई उनको श्रीमानले जहिले पनि पिट्छन् तर उनको कुरा प्रहरीले सुन्दैन । किनभने उनी महिला हुन् र प्रहरीले महिलाका उजुरी तथा गुनासाहरुलाई गम्भीरतापूर्वक लिंदैनन् । अन्य गाउँका महिलाहरुले पनि यस्तै पीडादायी अनुभवहरु सुनाएका छन् ।

कैलाली जिल्लाको बेलोदेवीपुर गाविसकी नितुले यस्तो अनुभव सुनाएकी छिन: – "म र मेरो एकजना साथी जाँदै थियौं, त्यहीबाटो बाट आइरहेको ट्याक्टर चालकले हाम्रो हात समाउन कोशिश गऱ्यो । मैले मेरो दाजुलाई बोलाएँ, दाजु तुरुन्त आई चालकलाइ हप्काउनुभयो । "

कंचनपुर जिल्लाको दैजी गाविसकी विणाले यस्तो अनुभव सुनाएकी छिन् "म मेरो साथीसँग जंगलमा घास जम्मा गर्दै थिएँ, दुइजना मानिस हाम्रो छेउ आई हाम्रो हात समाउने कोशिस गरे । हामी घाँस त्यही फाली, भाग्यौ ।"

जब महिला र बालिका सुरक्षित हुन्छन् तब समाज
सुरक्षित र सभ्य हुन्छ ।

अध्याय ५

# निष्कर्ष तथा सुझावहरु

## निष्कर्ष

महिला सुरक्षा परीक्षणका सन्दर्भमा संकलित सूचना र तथ्यांकहरूको दायरा एवम् गहिराइले हिंसा मुक्त जीवन जिउने तथा हिंसाबाट सुरक्षित हुन पाउने अधिकार प्रयोग गर्न महिला र बालिकाहरूले भोगेका जीवन्त यथार्थहरूबारे अनुभवजन्य प्रमाण उपलब्ध गराएको छ । महिला सुरक्षा परीक्षणले उपलब्ध गराएका सूचना तथा जानकारीले महिला र बालिकाहरू प्रतिको उक्त समाजमा विद्यमान मान्यता तथा व्यवहार साथै महिला तथा बालिकाहरू विरूद्धको हिंसाका सम्बन्धमा महिला, पुरूष, केटा तथा बालिकाहरूको दृष्टिकोण तथा व्यवहार बारे उत्साहजनक जानकारी भएको छ । यसले महिला सुरक्षाको सम्बन्धमा गाउँमा रहेको परमपरागत धारणालाई भत्काएको छ । यसबाट महिला सुरक्षाको पहिचान र आवश्यक मापदण्ड तथा पूर्वशर्तहरूलाई पहिचान र परिभाषित गर्न सहयोग पुऱ्याएको छ । महिला र बालिकाहरूको लागि आफ्नै घरको चौघेरा भित्र साथै सार्वजनिक स्थलमा हुने हिंसाको जोखिमलाई उजागर गरेको छ ।

समुदायले परिभाषित गरेको सुरक्षाको परिभाषाले हरेक प्रकारका हिंसाबाट मुक्त, कुनै डर त्रास बिना एक्लै हिड्डुल गर्न सक्ने अवस्था, महिला र पुरूषबीचको समानता र पीडितलाई नै दोष दिने प्रवृतिको अन्त्य जस्ता कुरालाई जोड दिएको छ । अधिकांश पुरूषहरूले महिला हिंसा निम्त्याउने कारक तत्वका रूपमा महिलालाई नै जिम्मेवार देख्ने गरेका छन् । महिलाहरूलाई हेर्ने यो नकारात्मक र भेदभावपूर्ण दृष्टिकोण नै महिलाहरूलाई असुरक्षित बनाउने तथा सार्वजनिक तथा निजी ठाँउहरूमा उनीहरूमा हुने हिंसाका कारक तत्व हुन् ।

आफुहरूका लागि उपलब्ध सेवा सुविधा के के छन् भन्ने बारेमा महिलाहरूलाई जानकारी र पहुँचको अभाव छ । उनीहरूलाई आफ्ना अधिकार संरक्षणका सम्बन्धमा विद्यमान कानुन र नीतिहरूको बारेमा पनि पर्याप्त जानकारी छैन । सरकारी निकायहरूमा पनि लैंगिक मैत्री पूर्वाधारहरूको अभाव रहेको छ भने ती निकायहरूबाट प्रवाह हुने सेवासुविधा पनि भेदभावपूर्ण छ, भन्ने आरोप पनि लाग्ने गरेको छ । यसले सरकारी निकायप्रति विश्वासको संकट उत्पन्न भएको छ ।

पितृसत्तात्मक समाजले स्थापित गरेका सांस्कृतिक मूल्य मान्यताहरूले कसरी महिला र बालिकाप्रति अवहेलना तथा अपमानित गर्ने संस्कार बसालेको छ भन्ने कुरालाई यो अनुसन्धानको नतिजाले प्रष्ट पारेको छ । यिनै सामाजिक अवस्थाले महिलाहरूलाइ उनीहरूको मौलिक अधिकार प्रयोग गर्नबाट  र सुरक्षित एवम् हिंसा मुक्त बातावरणमा बाँच्न पाउने अधिकार प्रयोग गर्नबाट बन्चित हुने अवस्था सिर्जना गरेको छ ।

## सुझावहरु

- **नीति र कार्यान्वयन वीचको अन्तर मेटाउने उपायको रुपमा महिला सुरक्षा परीक्षणको उपयोग :** महिला विरूद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी, बेईजिङ्ग कार्य योजना, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषद प्रस्ताव नं. १३२५, १८२० आदि जस्ता अन्तर्राष्ट्रिय र क्षेत्रिय संयन्त्रहरूको पक्ष राष्ट्र भएर नेपाल सरकारले लैंगिक समानता र महिला सशक्तिकरणका लागि प्रतिबद्धता जनाई सकेको छ । यस्ता प्रतिबद्धताहरू विभिन्न राष्ट्रिय कार्य योजनामा प्रतिविम्बित भएका छन् । तर सरकारले कार्यान्वयनमा देखाएको उदासिनताले अन्तर्राष्ट्रिय जगतमा आफ्नो साख जोगाउनका लागि मात्रै सरकार यस्ता अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा र अभिसन्धीहरूलाई अनुमोदन गर्दछ कि भन्ने खालको आशंका जन्माउँछ । सहभागितात्मक महिला सुरक्षा परीक्षण  छानिएका  ६ जिल्लाबाट एक एकबटा गरी ६ वटा गाउँ विकास

समितिमा संञ्चालन गरिएको थियो । नेपालका ७५ वटा जिल्लामा फरक फरक भौगोलिक विशेषता, सांस्कृतिक मान्यता र फरक फरक विकासको स्तर रहेका ३९१३ वटा गाँउ विकास समिति रहेका छन् । नीति र कार्यान्वयन बीचको दुरीलाई कम गर्नका लागि यो सिफारिस गरिन्छ कि महिला तथा बालिकाहरू विरूद्धको हिंसा नियन्त्रणका निम्ति गलत मान्यता र जोखिमको खतरा घटाउन सरकारले देशव्यापीरूपमा महिला सुरक्षा परीक्षण विधि अंगिकार गर्नु पर्दछ । यसो गर्नाले अनुभवजन्य प्रमाणका आधारमा नीति तथा योजना निर्माण गर्न र तिनीहरूको बारेमा जानकारी दिन महत्वपूर्ण योगदान पुग्ने छ । साथै यसबाट गाउँमा महिला तथा बालिका विरुद्ध हुने हिंसाको बारेमा वास्तविक जानकारी प्राप्त गरी उनीहरू विरूद्धको हिंसालाई सम्बोधन गर्नका लागि सुरक्षा उपायहरूको अवलम्बन गर्न पनि यसले योगदान पुग्ने छ । यस्ता सुरक्षा उपायहरूले महिला र बालिकाहरूको सुरक्षामा मात्र लाभ पुऱ्याउने नभइ समाजका सबै सदस्यहरूलाई आपराधिक तत्वबाट जोगिन र अपराधका घटनाको शिकार बन्नबाट जोगिने सम्बन्धमा लाभ पुग्दछ ।

- **गुणस्तरीय सेवामा पहुँच बृद्धि :** खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य, आवास, सरसफाइ, सडक, सार्वजनिक यातयात र सूचना जस्ता धान्न सकिने आधारभुत र गुणस्तरीय सेवाहरूका पहुँचमा, केही व्यक्तिहरूको मात्र विशेष अधिकार नभई सबैका लागि आधारभुत मानव अधिकारका विषयहरू हुन् । यस्ता आधारभुत सेवाहरूको अभावमा नागरिकहरू गरिबीबाट माथि उठ्न सक्दैनन् । यस्ता अभावहरूले नागरिकहरूलाई प्रतिकूल परिस्थितिमा राख्ने हुँदा महिला र बालिकाहरूलाई सूचना प्राप्त गर्न, स्वास्थ्य चौकीहरूबाट स्वास्थ्य उपचार सेवा प्राप्त गर्न, प्रहरी चौकी , विद्यालय, क्याम्पसहरू, प्रशासनिक निकाय र बजारहरूका सेवा तथा सुविधा प्राप्त गर्न अझ कठिन बनाउँछ । समुदायले असुरक्षित भनी पहिचान गरेका ठाउँहरूमा प्रहरीको सघन उपस्थिति, सुरक्षित क्षेत्र स्थापनाको सुनिश्चितताको लागि अवलम्बन गरिने महत्वपूर्ण सुरक्षा उपाय हो । महिला तथा बालिकाहरू विरूद्ध हुने हिंसाको सम्बोधनका लागि एकद्वार संकट व्यवस्थापन केन्द्र (OSCC) मार्फत विशेषगरी हिंसा सम्बोधन गर्ने स्वास्थ्य सेवा, परामर्श सेवा, सीप अभिबृद्धि, कानुनी सहायता र संरक्षण जस्ता सार्वजनिक सेवाका लक्षित कार्यक्रमहरू प्रवाह गरिनु पर्दछ, जसबाट हिंसा पीडितहरूले न्याय र सेवा पाउनका लागि विभिन्न निकायहरूमा दौडधुप गर्नु पर्ने अवस्थाको अन्त्य होस । स्वास्थ्य मन्त्रालयले १५ जिल्लामा स्थापना गरेको एकद्वार संकट व्यवस्थापन केन्द्रहरू, सरकारी पहलमा भएको सकारात्मक र प्रशंसायोग्य काम हो । यद्यपि केन्द्रीय

र जिल्लास्तरमा समन्वय र सहकार्यका लागि गरिने समन्वय अपर्याप्त हुन जाँदा स्वास्थ्य, सुरक्षा, कानुनी संरक्षण र तालिम प्रदान गर्ने जस्ता सेवाहरू पूर्णरूपमा एकीकृत प्रणालीबाट प्रदान हुन सकेको छैन ।[२२]

यस्ता अनियमिततालाई सरकारले तत्काल सम्बोधन गर्नु पर्दछ ताकि महिला तथा बालिकाहरू विरूद्धको हिंसाका पीडितहरूलाई न्याय प्राप्त गर्न एवम् सुरक्षासहित अघि बढ्न र सुदृढ जीवन यापनका लागि सहयोग पुग्न सकोस ।

- **लैंङ्गिक उत्तरदायी बजेट र राष्ट्रिय तथा स्थानीय स्तरमा महिला तथा बालिका हिंसाका विषयलाई मुलप्रवाहिकरण गर्न महिला र बालिकाहरुसागको नीति संवाद:** लैंङ्गिक उत्तरदायी बजेट अभ्यास गर्ने मामिलामा नेपाललाई अगुवा मुलुक मानिन्छ । नेपालले अर्थ मन्त्रालयमा लैंङ्गिक उत्तरदायी बजेट समितिको स्थापना गरेर यो अभ्यासलाई संस्थागत गरेको छ । सो प्रतिवेदन अनुसार केही वर्ष यता लैंङ्गिक समानता र महिला सशक्तिकरणका लागि प्रत्यक्ष लैङ्गिंक उत्तरदायी बजेट विनियोजनमा निरन्तर बृद्धि हुँदै आएको छ । लैंङ्गिक उत्तरदायी बजेटको सुनिश्चितताका लागि निर्देशिका सहित सूचकाङ्क विकास गरिएको छ, जो निम्न बमोजिम रहेका छन् ।

  » कार्यक्रम तर्जुमा र कार्यान्वयनमा महिला सहभागिता

  » लक्षित वर्गका लागि संचालित कार्यक्रममा समेत महिलाहरूको लाभ र नियन्त्रणमा सुनिश्चितता

  » महिलाको आय आजर्न तथा रोजगारी अभिवृद्धि

  » महिलाहरूको जीवनमा गुणात्मक सुधार तथा समय र कार्यबोझमा कमी

  » महिलाको क्षमता विकास

  नेपाल सरकारले गरेका यी महत्वपूर्ण प्रयासहरू हुन् । तर पनि यसबाट महिला तथा बालिकाहरू विरूद्धको हिंसा अन्त्यका लागि कति रकम छुट्याइन्छ भन्ने स्पष्ट हुदैन । त्यसैले महिला सुरक्षाका लागि रकम विनियोजन महिलाको ब्यावहारिक एबं रणनैतिक आवश्यकतमा आधारित भएर गर्नु पर्दछ र जसले महिला बिरूद्धको हिंसालाई निरन्तरता दिनेखालको ब्यवहार र प्रवृतिको रूपान्तरण गर्न मद्दत पुगोस् । त्यसैगरी महिलाका लागि गाउँ विकास समितिस्तरमा विनियोजन गरिएको बजेटले महिला सुरक्षाको कार्यक्रमलाई र महिला तथा बालिकामाथि हुने हिंसा अन्त्यका लागि प्राथमिकता

---

२२. स्वास्थ्य तथा जनसख्ंया मन्त्रालय, एकीकृत विपद रोकावट व्यवस्थापन केन्द्रबारेको अध्ययन, अक्टोबर २०13

दिनु हिंसा प्रभावित महिला र बालिकालाई एकीकृत र बहुआयामिक सेवा प्रदानका लागि स्रोत निर्धारण गर्दा लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तिकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्य योजना, २०६९ ले गरेको लागत विश्लेषणलाई अंगिकार गर्नुपर्ने कुरालाई पनि बिशेष सुझाब गरिन्छ । यो सँगै खर्चको लैङ्गिक लेखापरीक्षण गर्नु आवश्यक छ । अन्तर्राष्ट्रिय प्रतिबद्धता परिपालन साथै राष्ट्रिय नीति, कानुन र कार्य योजना अनुरूप महिला तथा बालिका विरूद्ध हुने हिंसा अन्त्यका लागि यस्तो किसिमको बजेटको विनियोजन र खर्च सुनिश्चित गर्न महिला सम्बन्धी संस्था र हिंसा पीडितहरूलाई सम्पूर्ण प्रक्रियामा सहभागी गराइनु पर्दछ ।

- **महिला तथा बालिकाहरु विरुद्धको हिंसा सम्बोधनका लागि सेवा प्रदायकहरुको क्षमता अभिबृद्धि :** स्वास्थ्य सेवा प्रदायक र प्रहरीहरू महिला तथा बालिकाहरू विरूद्ध हुने हिंसाका घटनामा पहिलो सम्पर्कका निकायहरू हुन् । सेवा प्रदायकका लागि तयार पारिएका केही निर्देशिकाहरू छन्, जसबाट एक द्वार संकट व्यवस्थापन केन्द्र लगायतका बहु निकायसमेतलाई उपयोगी हुनेगरी अभिलेख वा निर्देशिका विकास गर्न सकिन्छ, जसबाट निशुल्क कानुनी सेवा, परामर्श सेवा र सूचना उपलब्ध गराउने उद्देश्य प्राप्ति गर्न सकियोस । महिला सुरक्षा परीक्षणले, पीडकले गरेको कुकर्मलाई दोष देखाउनुको सट्टा पीडितको पहिरन वा लुगा लगाउने शैली, कहाँ जान्छिन र को को सँग भेट गर्छिन जस्ता विषय उठाएर पीडक र समाजका पुरूष सदस्यहरूबाट आरोपित गर्ने र आफूचाँही सजाँयबाट छुट्कारा पाउने परिपाटी र प्रबृत्तिलाई दुरूत्सान गर्न फौजदारी न्याय प्रणाली लगायत कानुनहरूमा व्यवस्थागरी रोक लगाउनु पर्ने सम्बन्धमा जोड दिइएको छ । यौन हिंसा सम्बन्धी घटनाका उजुरी लिन प्रहरीले अनिच्छा देखाउने प्रबृत्तिले गर्दा मुद्दाहरू अदालतसम्म पुग्न नपाई पीडितले न्यायबाट बञ्चितहुनु पर्ने स्थिति सम्बन्धमा पनि विवरण प्राप्त भएका छन । अन्ततोगोत्वा, यसले नागरिक संरक्षणको जिम्मा पाएको सरकारप्रति मानिसहरूको विश्वास घटाउँछ । हिंसा पीडित र प्रभावितप्रतिको लैङ्गिक संवेदनशील व्यवहार उनीहरूलाई दिईने गुणात्मक सेवाको पहिलो कदम हो । अर्को महत्वपूर्ण पक्ष भनेको शुन्य सहिष्णुताका लागि स्वास्थ्यकर्मी, प्रहरी, न्यायधिश लगायतका सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि, नियुक्ति तथा वढुवा प्रकृयामा लैङ्गिक संवेदनशीलताको पक्षलाई समावेश गर्न आवश्यक छ । यस्ता उपायहरूले महिला हिंसा पीडितहरूलाई फाइदा पुऱ्याउने मात्र नभई, विभिन्न सम्बद्ध निकायहरूमा लैङ्गिक संवेदनशिल अभ्यासहरूलाई संस्थागत गर्न पनि योगदान पुग्ने अवस्था हुन्छ ।

- **महिला सुरक्षाको सुनिश्चितताका लागि सार्वजनिक पूर्वाधार ढाँचा र योजनाको सुधार :** सरकारले पूर्वाधार विकासको सन्दर्भमा सुदृढ बजार पहुँच र गतिशिलताका लागि गाउँ र शहरलाई जोड्ने कार्यमा प्राथमिकता केन्द्रीत गरेको छ । यस्तो प्रयास, वस्तु र सेवाको प्रवाहलाई बृद्धि गर्नका लागि महत्वपूर्ण छ जसले राष्ट्रको आर्थिक बृद्धि ल्याउन योगदान पुऱ्याउँछ । तर आवश्यकतामा आधारित नभईकन विशेषत यसका प्रयोगकर्ता मध्येका महिलाहरूको आवश्यकतालाई बे वास्ता गरेर गरिने विकास प्रयासहरूले समतामुलक र दिगो विकास हासिल हुन सक्दैन । गरिबी निवारण र आर्थिक बृद्धिबीच प्रत्यक्ष सम्बन्ध हुने भएपनि यसले महिलाहरूको सुरक्षित गतिशीलता तथा सुरक्षित वातावरण बनाउँछ भन्ने कुराको कुनै सुनिश्चितता भने गर्दैन । महिला तथा बालिकाहरूमा हिंसाको जोखिम हुनसक्ने कारक तत्वहरूको नियन्त्रणमा सरकारले विशेष ध्यान दिनै पर्छ । सार्वजनिकस्थलमा महिला तथा बालिका माथि हुन सक्ने हिंसालाई निरूत्साहित गर्न भुमिका खेल्नगरी सरकारले, सडक बत्तीको व्यवस्था, उपयुक्त स्थानहरूमा प्रहरी चौकी र संञ्चारसेवा स्थापना, सार्वजनिक यातायात र बिसौनीहरूको व्यवस्थित व्यवस्थापन तथा पसलहरूको उचित व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयनको चरणनै नियोजित तवरले व्यवस्थापन गर्नु पर्दछ । यो अध्ययनले के देखाएको छ भने गाउँ विकास समितिस्तरका सरकारी कार्यलयहरूमा शौचालय छैनन् र भएको ठाउँहरूमा पनि महिला र पुरूषका लागि अलग अलग शौचालयको व्यवस्था छैन । कतिपय शौचालयका ढोकाहरू राम्रोसंग बन्द गर्न नमिल्ने खालका छन् भने कतिपयमा सरसफाई र पानीको व्यवस्थानै छैन । यसरी अधिकांश शौचालय महिला / बालिकाहरूका लागि प्रयोगयोग्यनै नभएको हुँदा पुरूषहरूले मात्र प्रयोग गर्ने भएकाले यसले भौतिक समाजिक वातावरण त दुषित हुन्छ नै त्यसमाथि स्वास्थ्यमा समेत नकारात्मक प्रभाव पारी रहेको छ । सरकारी निकायहरूले महिला र पुरूषका लागि अलग अलग शौचालयको उचित व्यवस्थापन गरेर अन्य संस्थाहरूका लागि उदाहरण प्रस्तुत गर्नु पर्दछ ।
- **महिला हिंसालाई संबोधन गर्ने नीति, कानुन र कार्यक्रमको पुनरावलोकन :** महिला विरूद्धको हिंसालाई सम्बोधन गर्नका लागि सरकारले धेरै नीतिगत र कानुनी व्यवस्थाहरू कार्यान्वयनमा ल्याएको छ । यद्यपि ती व्यवस्थाहरू सम्बन्धित निकाय र व्यक्तिहरूको कार्यान्वयन गर्ने चाहना, लैङ्गिक संवेदनशीलता र निकायलाई प्राप्त कार्यादेशमा निर्भर हुने गर्दछन् । भएका सिमित संरचनात्मक व्यवस्था सम्बन्धमा सर्वसाधारणहरू र प्राय सबै महिलाहरूलाई जानकारी नहुने गरेको कुरा महिला सुरक्षा परीक्षणबाट पनि देखिएको छ । सबै खालका

महिला हिंसाका घटना, यसका रहेका अन्योल र कार्यकारी अकर्मन्यतालाई सम्बोधन हुनेगरी भएका नीति र कानुनहरूको न्यायिक लगायतका समिक्षा गरी एउटै नीति र कानुनको व्यवस्था गर्न आवश्यक भएकोछ। उदाहरणको लागि बलत्कारको घटनाका पीडित महिलाले ३५ दिन भित्र उजुरी नदिए उजुरी नलाग्ने कानुनी व्यवस्थाका कारण यस्ता घटनाबाट पीडित हजारौ महिलाहरूमाथि अन्याय भईरहेको छ। सरकारवादी मुद्दा सम्बन्धी ऐन २०४९ (State Case Act 1992) को अनुसूची -१ मा बलात्कारका घटना सुचिकृत रहेको भएपनि अन्य प्रकारका यौन हिंसाका घटना यसमा समावेश छैनन्।[२३] त्यसैगरी सैनिक अदालतले आफ्ना सैनिकहरूले यौन हिंसा गरेको खण्डमा कुनै मुद्दा चलाउन सक्दैन। यस्ता विषयहरू नागरिक अदालतमा पठाउने गरिन्छ। नेपाली सेनाको आचार संहिता (सैनिक ऐन, २०६३) ले मानव अधिकारको उल्लघंनका अनेकौ घटनाहरूलाई कानुनी प्रकृयामा लैजान निषेध गरेको छ।

महिला सुरक्षा परीक्षण अध्ययन अनुसार घरमा र सार्वजनिक स्थलहरूमा प्रर्याप्त पानी र सरसफाईको व्यवस्था नहुदा महिलाहरू पानी लिन टाढासम्म हिड्नु पर्ने, खुल्ला ठाउँमा दिशा पिसाव गर्न बाध्य हुने गर्दछन्। यस्तो कार्य विहान सवेरै वा रातपरे पछि सम्पन्न गरिन्छ, जसले उनीहरूलाई यौन आक्रमणको खतरा साथै उनीहरूको स्वास्थ्य प्रणालीलाई समेत असर पुऱ्याउने गर्दछ। गैह्र सरकारी संस्थाहरूको पहलमा संचालन भएका सुलभ शौचालय कार्यक्रम सरूवा रोगको रोकथाममा जनचेतना जगाउन र हिंसाको जोखिम कम गर्न सफल भएका छन्। सरकारले प्रत्येक घरमा एउटा शौचालयको व्यवस्था प्रभावकारीरूपमा कार्यान्वयन गर्न आवश्यक छ। घरमै पानी र सरसफाइको व्यवस्थाले महिलाहरूको समय बचतभै उत्पादनशील काम, शिक्षा साथै आराम गर्ने समय पनि निस्कने हुन्छ। यस्तो सेवा र सुविधाको उपलब्धताले यौन दुर्व्यवहार र आक्रमणको जोखिमलाई समेत न्युनिकरण गराउँछ। बिद्यालयमा महिला र पुरूषका लागि अलग अलग शौचालयको व्यवस्था गर्नाले बिद्यालय जाने बालिकाहरूको संख्यामा बृद्धि गराउँछ। सार्वजनिक र निजी स्थलहरूमा महिला तथा बालिका माथि हिंसा अन्त्य गर्न अभियान सहितका नीति, कानुन र कार्यक्रमहरूलाई निर्देशित गरिनु पर्दछ।

२३. नेपालको चौथो र पाँचौ संयुक्त प्रतिवेदनमा सिड समितिको निष्कर्ष टिप्पणी सम्बन्धी लिखित जानकारी, ट्रायल र हिमराईट, अगस्ट, २०१३ पेज ११।

- **महिला तथा बालिका विरुद्धको हिंसाको तथ्यांक आधार :** महिला बिरूद्ध अपराधिक घटनाहरूको तथ्यांकले महिला तथा बालिका माथिको हिंसाको प्रवृत्ति र अवस्था मापन गर्न महत्वपूर्ण भूमिका खेल्दछ । यस्ता तथ्यांकले बिषय बस्तुको गहनतालाई बुझ्न, सो अनुरूप उपचारात्मक उपायको व्यवस्था गर्न, वकालतको लागि योजना निर्माण गर्न तथा वजेट व्यवस्था गर्न सुचना र जानकारी उपलब्ध गराउँछ । यो स्पष्ट छ कि महिला तथा बालिका विरूद्ध हुने हिंसाका घटनाहरूमध्ये वास्तविकता भन्दा थोरै घटनाको मात्रै प्रहरीमा उजुरी गरिन्छ । किनभने अधिकांश समयमा पीडितका परिवारको ईज्जतका लागि पीडितहरूलाई मौन बस्न बाध्य गरिन्छ । प्रहरी संयन्त्रप्रतिको विश्वासको संकट र सामाजिक प्रतिष्ठा बनाई राख्ने मान्यताबाट प्रहरीमा उजुरी नदिन पीडितलाई प्रेरित गरिन्छ । प्रहरी समक्ष पुगेका कतिपय घटनाहरू राजनीतिक दवावमा दर्तानै नगरिने वा दर्ता भएका घटनाहरूमध्ये पनि अधिकांशमा पीडित र पीडक पक्षबीच सम्झौता गराएर अदालतमा पुग्न नदिई प्रहरी कार्यालयमै टुंगो लगाईन्छ । अधिकांश तथ्यांकहरू प्रहरीको स्रोतबाट लिइएका हुन्छन जसले महिला तथा बालिकामाथि हुने हिंसाको वास्तविकतालाई चित्रण गर्दैनन । तथ्यांकहरूको अर्को स्रोतका रूपमा एक द्वार संकट व्यवस्थापन केन्द्र र सेवा केन्द्रहरू पनि हुन सक्छन् जसले हिंसा पीडित/प्रभावितहरूलाइ स्वास्थ्य सेवा उपलब्ध गराउछन । विधि सहितको निर्देशिका र तालिमका माध्यामबाट घटना पंजिकरण गर्ने र अन्य सेवा केन्द्र उपलब्ध गराईनु पर्दछ । यसरी दर्ता भएका हिंसाका घटनाहरूको प्रवृति र किसिम, पहिलो पटक हिंसा गर्ने र पटकेको विवरण खुल्ने तथ्याङ्क आधार तयार पार्न आवश्यक छ । सही तथ्यांकहरूको उपलब्धताले बैज्ञानिक अनुसन्धान गरी नीतिगत सुधार र हिंसा सम्बोधन ढाँचा निर्माणमा बल पुग्दछ । यसका लागि विभिन्न प्रकारका हिंसाको परिभाषा र तथ्याङ्क अभिलेखन विधिमा एकरूपता कायम गरिनु आवश्यक छ ताकि बिभिन्न निकायहरूले संकलन गरेका तथ्यांकहरूलाई साझा तथ्यांकका आधारमा राख्न सकियोस ।
- **विद्यालयमा शुन्य सहिष्णुताको प्रवर्द्धन:** बिद्यालयतहमा दिईने शिक्षा जीवन पर्यान्तको चरित्र निर्माणमा महत्वपुर्ण मानिन्छ । बिद्यालयहरू भविष्यको वृत्ति विकासको लागि शैक्षिक डिग्री आर्जन गर्ने मात्र नभई मानवीयताको पाठ सिकाई सामाजिक पुँजी निर्माण गर्ने थलाको रूपमा लिईनु पर्दछ । विद्यालयमा, समानताका मूल्य तथा मान्यता, महिला र बालिकामा हुने हिंसा विरूद्ध शुन्य सहिष्णुतालाई सम्मान गर्ने कुरा पनि, सिकाइनु पर्दछ जसले गर्दा बाल्यकालमा

सिकेका यस्ता कुराहरूले महिला विरोधी स्वभाव र व्यवहारमा रूपान्तरण गर्न ठूलो भुमिका खेल्न सक्दछ । महिला र बालिकाहरूलाई सशक्तिकरण गरी हिंसा नसहने अवस्थामा नपुऱ्याई तथा पुरूष र युवाहरूलाई हिंसा विरूद्धमा संवेदनशील नबनाई हिंसा गर्नु "हुँदैन" भन्ने अभिव्यक्ति मात्रै हिंसा अन्त्यका लागि प्रयाप्त हुन सक्दैन । विद्यालय तहको पाठ्यक्रममा स्वास्थ्य शिक्षाको व्यवस्था गरिएको भएपनि शिक्षकहरू यौन शिक्षा पढाउन अनिच्छुक हुने गरेको कुरा महिला सुरक्षा परीक्षणले उजागर गरेको छ । महिला र बालिकाहरूलाई अपमान गर्ने तथा उनीहरूलाई वस्तुको रूपमा व्यवहार गर्ने नकारात्मक प्रबृत्तिलाई हटाउनका लागि शिक्षकहरूलाई सम्वेदनशील मुद्दाहरूमा संवाद र छलफल गर्न प्रेरित गर्ने गरी तालिम दिन आवश्यक छ । महिला तथा बालिका बिरूद्धको हिंसा र महिला सुरक्षाको विषय सम्मिलित गराउन बिद्यालय र उच्च शिक्षाका पाठ्यक्रम पुनरावलोकन गरिनु आवश्यक छ ।

# सन्दर्भग्रन्थ सूची


- अक्सफाम, २००५
- अन्तराष्ट्रिय व्यापार संगठन, मार्च २००१
- एक्सन एड इन्टरनेसनल, महिला र शहर आइआइः शहरका सार्बजनिक ठाउँहरूमा महिला र केटीहरू विरूद्द हुने हिंसा विरूद्दको संघर्ष– सार्बजनिक सेवाको भुमिका, फेब्रुअरी, २०१५, पेज नम्बर १५
- एस वाल्वी, महिला र समानता इकाई तथा लिड्स युनिभर्सिटी , घरेलु हिंसाको लागत, २००४, पेज नम्बर १२
- नीतिगत विकल्पका लागि क्यानेडियन केन्द्रले मोनिका टाउन्सनले ८ सेप्टेम्बर २००९ मा प्रकाशित प्रतिवेदन, क्यानेडियन महिलाहरू उनहरू आफैमा गरिब भन्दा गरिब छन ।
- नेपालको चौथो र पाँचौ संयुक्त प्रतिवेदनमा सिड समितिको निष्कर्ष टिप्पणी सम्बन्धी लिखित जानकारी, ट्रायल र हिमराईट, अगस्ट, २०१३ पेज ११ ।
- जगोरी/डब्लुआईसिआई/ महिला हिंसा विरूद्धको युएन ट्रष्ट फण्ड : महिला सुरक्षा बुझाई : लैङ्गिक समावेशी शहर तर्फ, अनुसन्धान नतिजा २००९/१० पेज १–२
- जगोरी २०१०, महिला सुरक्षा बुझाई : लैङ्गिक समावेशी शहर तर्फ, अनुसन्धान नतिजा दिल्ली २००९/१० पेज २९
- जागोरी/ डब्लु आइ सि आइ , न्यून आम्दानी भएका शहरी छिमेकहरूमा महिला सुरक्षा अडिट सम्बन्धी हाते किताबः अनिवार्य सेवाहरूमा केन्द्रीत, नोभेम्बर २०१० , पेज नम्बर १३
- बेईजिङ्ग कार्य योजनाको क्षेत्रीय कार्यान्वयन र यसको क्षेत्रीय एवम विश्व उपलब्धीका सम्बन्धमा समीक्षा गर्न बसेको युनेस्क्यापको उच्च स्तरीय अन्तरसरकारी बैठक ,१६–१८ सन् २००९ र महिला विरूद्दको हिंसा अन्त्यका लागि क्षेत्रीय अभियान, इ/इस्क्याप/विपीए/२००९/आइएनएफ/५
- महिला र बालबालिका विरूद्द हुने हिंसा न्यूनिकरण गर्नका लागि राष्ट्रिय परिषद, २००९, क्यानबेरा, कमनवेल्थ अष्ट्रेलिया, महिला र उनीहरूका बालबालिका विरूद्द हुने हिंसाको लागत, पेज नम्बर ४ ।
- विश्व स्वास्थ्य संगठनले महिलाका विरूद्द घरेलु हिंसा र महिलाको स्वास्थ्य सम्बन्धी गरेको अध्ययन २००५ विभिन्न मुलुकमा गरेको अध्ययन
- यु.एन.वुमन, २००७
- स्वास्थ्य तथा जनसख्या मन्त्रालय, एकीकृत विपद रोकावट व्यवस्थापन केन्द्रबारेको अध्ययन, अक्टोबर २०१३
- http://www.acidsurvivors.org/statistics.html
- http://reliefweb.int/sites/reliefweb.int/files/resources/4DF98D25D63E5852852577CA00683717-Full_Report.pdf
- http://www.everestuncensored.org/status-of-women-in-nepal/